का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ जेठ २०८०, आइतबार
28 May 2023, Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न






## प्रचण्डले खेलेको मध्यस्थकर्ता



सरकारदेखि संसद सञ्चालन मात्रै नभएर अन्य राजनीतिक एजेण्डाहरुमा पनि प्रधानमन्त्री प्रचण्ड राजनीतिक दलहरुका बीचमा मध्यस्थकर्ता भूमिकामा प्रस्तुत हुँदै आएका छन् ।

अहिले पनि राष्ट्रिय समस्यामा राष्ट्रिय सहमति आवश्यक छ। सुशासन, त्यसमा पनि भ्रष्टाचारविरुद्धको लडाइँ हामी सबै मिलेर मात्र जित्न सक्छौं ।

■ **प्रचण्ड**
प्रधानमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ जेठ ।

नीति तथा कार्यक्रम पारित गर्ने तयारीका साथ बोलाइएको शुक्रबारको प्रतिनिधिसभाको बैठक प्रमुख प्रतिपक्षी नेकपा एमालेको अवरोधका कारण कार्यसूचीमा प्रवेश नै शनिबारका लागि स्थगित भएको थियो ।

एमालेले आफ्नो पार्टी संसदीय दलका नेता केपी शर्मा ओलीमाथि पशुपतिनाथको जलहरीमा सुन भनेर पित्तल हालेको आरोप लगाइएको भन्दै संसद अवरोध गरेको थियो । त्यस विषयमा प्रधानमन्त्री प्रचण्डले आफैं चासो देखाएर शनिबार बिहान कांग्रेस, एमाले र माओवादी केन्द्रका शीर्ष नेताहरुको बैठक बोलाए । ओली माथि आरोप लगाइएको प्रसंगलाई संसदीय रेकर्डबाट हटाउन सहमति जनाए ।

एमालेले भने अनुसार नै प्रधानमन्त्री प्रचण्डले पशुपतिनाथ मन्दिरमा राखिएको सुनको जलहलरीबारे प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओलीलाई जोड्नु उचित नभएको भनी संसदमै प्रष्टिकरण दिए ।

शनिबार संसदको बैठक शुरु हुनासाथ समय लिएर बोलेका प्रधानमन्त्री प्रचण्डले जलहरी लगायतका विषयमा काम गर्ने क्षेत्रनधिकार पशुपति विकास कोसको भएको र यसमा कुनै विवाद नभएको बताए। जलहरी राख्दा भएको भनिएको अनियमितताबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत छानबिन गरिरहेको भन्दै उनले यसमा सरकारको सहयोग रहने बताए ।

उनले अगाडि भने, 'पशुपति क्षेत्र विकास कोषसँग सबन्धित विषयमा प्रमुख प्रतिपक्ष दलको नेतालाई जोडेर विचार व्यक्त हुनु उचित होइन ।'

१० जेठमा माओवादी सांसद लेखनाथ दाहालले ओली प्रधानमन्त्री हुँदा भ्रष्टाचारका काण्डहरु भएको भन्दै भनेका थिए, 'स्वास्थ्य सामग्रीको दुई अर्बको भ्रष्टाचार । त्यति मात्रै होइन, पशुपतिनाथमा जलहरी लाउँदा सुन लाउने भनेर पित्तल लाइदिएर गरेका भ्रष्टाचारहरु । यस्ता सयौं, हजारौं भ्रष्टाचारका काण्डहरु छन् ।' १२ जेठको बैठकमा एमाले सांसदहरुले दाहालको अभिव्यक्तिमा आपत्ति पृष्ठ २ मा

### 'तमाम बेथितिहरूमा सरकारको ध्यान छ'

प्रधानमन्त्री प्रचण्डले सरकारको ध्यान नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाउने प्रकरणको छानबिनमा मात्रै नभई अन्य बेथितिहरूमा पनि रहेको बताएका छन् । उनले ती सबै बेथिति एक-एक गरेर सच्याउने पक्षमा सरकार रहेको बताए ।

प्रतिनिधिसभाको बैठकमा बोल्दै प्रचण्डले मुलुकमा रहेका बेथिति अन्त्यका लागि संसद् र राजनीतिक दलहरूले साथ आवश्यकता रहेको बताए । 'सरकारको ध्यान यस (नक्कली शरणाथी प्रकरण)मा मात्रै होइन, अन्य तमाम बेथितिहरूमा पनि छ । चाहे त्यो सम्पत्ति शुद्धीकरणमा होस्, चाहे राजस्वसँग सम्बन्धित कुरा होस्, चाहे अन्य तमाम बेथितिका कुरा हुन् ती सबैमाथि ध्यान छ' प्रचण्डले भनेका छन्, 'कदम/कदम गरेर ती सबै सच्याउनु पर्छ र त्यसको निम्ति संसद् र सबै राजनीतिक दलको सहयोगको आवश्यकता छ ।' प्रधानमन्त्रीको तेस्रो कार्यकाललाई अवसर र चुनौतीका रूपमा लिँदै सोहीअनुसार अगाडि बढिरहेको उनको भनाइ थियो ।

नक्कली भुटानी शरणाथी प्रकरणमा निदोषलाई नछोड्न र दोषीलाई कुनै पनि हालतमा पर्न नदिन गृह प्रशासन र प्रहरी प्रशानलाई दिएको प्रधानमन्त्री दाहालको भनाइ थियो । नक्कली भुटानी शरणाथी प्रकरण वर्तमान सरकार आएपछिको घटना नभएको प्रधानमन्त्री दाहालको थियो । उनले पहिलेदेखि चल्दै आएको विषय वर्तमान सरकारको पालामा छानबिन भएको र त्यो स्वाभाविक रहेको बताए । काम गर्दै जाँदा यो प्रकरणमा छानबिन प्रक्रियागत रूपमा भएको पनि प्रधानमन्त्रीको भनाइ थियो ।

## नीति तथा कार्यक्रम पारित

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १३ जेठ ।



सरकारको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम संघीय संसदबाट पारित भएको छ ।

यसअघि नै राष्ट्रिय सभाबाट पारित भइसकेको नीति तथा कार्यक्रम शनिवार प्रतिनिधिसभाबाट पनि पारित भएको हो । प्रतिनिधिसभाको शनिबारको बैठकले सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बहुमतले पारित गरेको हो ।

संघीय संसद् प्रतिनिधिसभा र राष्ट्रिय सभाको जेठ ५ को संयुक्त बैठकलाई सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले पेस गरेको सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम राष्ट्रिय सभाबाट यसअघि नै पारित भइसकेको थियो । राष्ट्रिय सभाको जेठ ९ गते मंगलबारको बैठकले नीति तथा कार्यक्रम बहुमतले पारित गरेको थियो ।

प्रतिनिधिसभामा सांसदहरूले छलफलका क्रममा उठाएका प्रश्नहरूको जवाफ शनिबारको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ले दिएका थिए । प्रधानमन्त्रीले सबै सांसदहरूलाई एकमत भएर नीति तथा कार्यक्रमको पक्षमा उभिन आग्रह गरेका थिए । त्यसपछि सांसदहरूले प्रधानमन्त्रीलाई स्पष्टिकरण सोधेका थिए । स्पष्टीकरणका क्रममा उठेका प्रश्नको जवाफ प्रधानमन्त्रीले दिएपछि नीति तथा कार्यक्रममा दर्ता भएका संशोधन प्रस्ताव निर्णयार्थ पेस गरिएका थिए ।

सत्तारुढ दलहरु नेपाली कांग्रेस, नेकपा माओवादी, जसपा, एकीकृत समाजवादी, नागरिक उन्मुक्तिलगायतका राजनीतिक दलका संशोधनकर्ता सांसदहरूले आफ्ना संशोधन फिर्ता लिएका थिए भने प्रमुख प्रतिपक्षी नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा लगायतका राजनीतिक दलका सांसदहरूको संशोधन फिर्ता नभएपछि बहुमतले अस्वीकृत भएको थियो ।

## वैदेशिक रोजगार विशेष

### असार पहिलो साता संख्या सयको समाधान : अध्यक्ष भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ जेठ




नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले संख्या सय समस्याको समाधान असार महिनाको पहिलो सातासम्म हुने बताएका छन् । वैदेशिक रोजगार तामाङ व्यवसायी समाजको छैटौं साधारण सभा तथा दोस्रो अधिवेशनमा शनिबार शुभकामना मन्तव्य राख्दै अध्यक्ष भण्डारीले उक्त धारणा राखेका हुन् ।

नेपाल सरकारले तत्काल संशोधन गर्न आवश्यक ठानेको वैदेशिक रोजगार ऐन २०६४ सहित ३३ वटा ऐनलाई केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकबाट अघि बढाएको भन्दै संख्या सयको समस्या सोही ऐनबाट समाधान हुने संघको विश्वास रहेको बताए ।

अध्यक्ष भण्डारीले व्यवसायीहरूको अर्को प्रमुख चासोको विषयका रूपमा रहेको सेवा शुल्कको विषय छलफलको चरणामा रहेको जानकारी दिँदै त्यसमा केही गैरसरकारी संस्था र सञ्चार क्षेत्रसँग गम्भीर अन्तरक्रिया आवश्यक देखिएको बताए । उनले व्यवसायीहरू फ्रि भिसा फ्रि टिकटको विरोधी नभएको तर सेवा शुल्क तोकेमात्रै फ्रि भिसा फ्रि टिकटको निर्णय प्रभावकारीरूपमा कार्यान्वयन हुन सक्ने उल्लेख गरे ।

अध्यक्ष भण्डारीले समाज र विज्ञान प्रविधिमा आएको परिवर्तनसँगै व्यवसायीहरूले पनि आफूहरूलाई परिवर्तन गर्नुपर्ने भन्दै व्यवसायीले जानजान गर्ने गल्ती र बदमासीको संघले संरक्षण नगर्ने बताए । पृष्ठ २ मा

### वैदेशिक रोजगार तामाङ व्यवसायी समाजको नयाँ नेतृत्व चयन

**काठमाडौं/मस-** वैदेशिक रोजगार तामाङ व्यवसायी समाजको अध्यक्षमा युनाइटेड इन्टरनेशनल प्रा.लि.का सञ्चालक शुक्र पाखिन निर्वाचित भएका छन् । शनिबार राजधानीको जर्सिङपौवामा भएको समाजको दोस्रो अधिवेशनबाट पाखिन सर्वसम्मतरूपमा अध्यक्षमा चयन भएका हुन् ।



समाजको संस्थापक महासचिव रहेका नवनिर्वाचित अध्यक्ष पाखिन नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पूर्वतृतीय उपाध्यक्षसमेत भइसकेका व्यवसायी हुन् । अधिवेशन तथा साधारण सभाको बन्द सत्रले पृष्ठ २ मा

## प्रधानमन्त्रीको भ्रमण

### पञ्चेश्वर अघि बढ्ने आशा !

दुवै देशबीच निकट भविष्यमा सहमति जुटेर पञ्चेश्वर बहुउद्देश्यीय परियोजना अघि बढ्ने अवस्था भएमा सबभन्दा पहिले लगानीको जोहो गर्नुपर्ने हुन्छ । त्यसको जोहो हुन सकेमा बैतडी जिल्लाको पञ्चेश्वर गाउँपालिकामा नेपाल-भारत सिमानामा ३१५ मिटर अग्लो बाँध निर्माण गर्ने महत्वाकांक्षी परियोजनाको काम शुरु हुनेछ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ जेठ ।



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाका विषयमा भारत सरकारसँग नयाँ समझदारी हुने बताएका छन् । शनिवार प्रतिनिधिसभाको बैठकमा सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै प्रधानमन्त्री प्रचण्डले भनेका छन्, 'पञ्चेश्वरका बारेमा छलफल चलिरहेको छ । सम्भवतः धेरै वर्षपछि पञ्चेश्वर परियोजना अगाडि बढाउनेबारेमा एउटा नयाँ समझदारी हुन्छ भन्ने मेरो विश्वास छ ।'

यो सँगै पञ्चेश्वर परियोजना अघि बढ्ने नयाँ आशा नेपालीहरुमा पलाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका अनुसार यस विषयमा भारतीय अधिकारीहरुसँगको छलफल र संवाद चलिरहेको छ । सकारात्मक छलफलका आधारमा प्रधानमन्त्री प्रचण्डले संसदमा पञ्चेश्वर परियोजना अघि बढ्ने विश्वास व्यक्त गरेका हुन् ।

नेपालले सन १९९५ मा नै पञ्चेश्वर परियोजनाको डीपीआरको खाका तयार गरिसकेको थियो । त्यसको एक वर्षपछि दुवै देशका तत्कालीन प्रधानमन्त्रीहरूले महाकाली सन्धिमा हस्ताक्षर गरेपछि पञ्चेश्वर बहुउदेश्यीय परियोजनाको डीपीआर छ महिनाभित्र तयार हुने भनिएको थियो । तर त्यसो हुन सकेन ।

नेपालमा सन १९८८ मा पञ्चेश्वर बहुउद्देश्यीय परियोजना कार्यालय नै स्थापना गरिएको थियो । सन १९९६ को नेपाल-भारत सन्धिले त्यो परियोजना अघि बढाउन थप बल दियो । सन २०१४ मा नेपाल भ्रमणमा आएका पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com



# ‘सरकारले नि:शुल्क सेनिटरी प्याडको व्यवस्था हुने गरी बजेट ल्याउनुपर्छ’

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ जेठ

प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा रानाले सबै महिलाहरुलाई नि:शुल्क सेनिटरी प्याडको व्यवस्था हुनेगरी बजेट ल्याउन सरकारसँग आग्रह गरेकी छन् ।

शनिबार एक्सपोज नेपालले ललितपुरमा आयोजना गरेको उपत्यकाव्यापी साइकल र्‍यालीमा बोल्दै उपसभामुख रानाले उक्त आग्रह गरेकी हुन् ।



सेनिटरी प्याडको आवश्यक व्यवस्था मिलाउन छुट्टै राष्ट्रिय योजना, कार्यक्रम र बजेट हुनुपर्ने उनको भनाइ छ । त्यस अवसरमा उनले महिला सांसदहरुका लागि संघीय संसद भवनमै सेनिटरी प्याडको व्यवस्था गर्न लागिपर्ने समेत बताइन् ।

उनले सबै विद्यालयहरुमा सो प्याडको आवश्यक व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराइन् । उनले महिलाहरुलाई हिंसा सहेर नबस्न पनि पटकपटक आग्रह गरिन् । आजको युगमा आएर पनि नेपालमा महिला हिंसाको घटनामा कमी नआएकोले त्यसका विरुद्ध महिलाहरुले आवाज उठाउनुपर्ने उपसभामुख रानाको भनाई थियो ।

उपसभामुख रानाले महिलाहरुको क्षेत्रमा धेरै राम्रो काम गरेको भन्दै एक्सपोज नेपालको प्रशंसा पनि गरिन् ।

एक्सपोज नेपालले हरेक वर्ष २८मे का दिन राष्ट्रिय महिनावारी दिवस मनाउँदै आइरहेको छ । एक्सपोज नेपाल सन् २०१५ देखि निरन्तर महिला हिंसा, यौन हिंसा, यौनिकता र महिनावारीलगायतका काममा सकृय रहँदै आएको छ ।

उपत्यकाको काठमाडौं, भक्तपुर र ललितपुरबाट आयोजना गरिएको साइकल र्‍यालीमा भक्तपुर साइकल कनेक्ट, काठमाडौं कोरालगायतका टिम गरी ३ सय ५७ साइकलयात्री सहभागी भएका थिए ।

# रोल्पाका विद्यार्थीलाई ‘मोटिभेसन’ कक्षा

**नन्दराम खड्का/मध्यान्ह**
रोल्पा, १३ जेठ



विकट तथा दुर्गम मानिने रोल्पा जिल्लाका विद्यार्थीहरुलाई जागरुक बनाउन शैक्षिक उत्प्रेरणा ‘मोटिभेसन’ कक्षा दिन थालिएको छ। स्थानीय सरकारसँगको समन्वयमा लुम्बिनी प्रदेशका चर्चित मोटिभेटर विष्णुकुमार देवकोटाले रोल्पाको रुन्टीगढी गाउँपालिकाका अधिकांश विद्यालयहरुमा उत्प्रेरणा कक्षा दिन शुरु गरेका हुन् ।

यस्तै त्रिवेणी गाउँपालिकामा पनि शैक्षिक उत्प्रेरणा कक्षा शुरु हुन लागेको मोटिभेटर देवकोटाले जानकारी दिए । डि मोटिभेटर ग्रुप प्रा.लि. लुम्बिनी प्रदेशका सञ्चालक देवकोटाले काठमाडौं, बर्दिया, दाङलगायतका जिल्लाका विभिन्न विद्यालयमा विद्यार्थीहरुलाई शैक्षिक ‘मोटिभिसन’ कक्षा दिइसकेका छन् ।

मोटिभेटर देवकोटाले रोल्पाका विद्यार्थीहरुमा लजालुपन बढी भएको बताएका छन् । भौगोलिक विकटताका कारण विद्यार्थीहरु खुल्न र बोल्न नचाहने उनको भनाइ छ । देवकोटाले भने, 'हामीले ७ घण्टाको एक दिने मोटिभेसन कक्षा दिइसकेपछि भने विद्यार्थीले आफ्नो लक्ष्यसहित स्पष्ट सवाल/जवाफ गर्न सक्ने भएका छन् ।'

त्यस्तै नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रुन्टीगढी गाउँपालिका-६ डुब्रिङका प्र.अ. केशरबहादुर घर्तीले रोल्पाको हकमा विद्यार्थीहरुलाई जागरुक बनाउने खालको शैक्षिक मोटिभेसन कक्षा अत्यन्त आवश्यक रहेको बताए । 'हाम्रा विद्यार्थीहरुमा एक दिने मोटिभेसन कक्षा लिएदेखि उत्साहजनक परिवर्तन देखिएको छ,' प्र.अ.घर्तीले भने, ‘पहिले विद्यार्थीहरु शिक्षक नआउँदा होहल्ला गरिरहेका हुन्थे । अहिले कुनै कारणले कक्षामा शिक्षक नआएपनि विद्यार्थीहरु तालमा पढिरहेका हुन्छन् । आफ्नो दैनिक समय तालिका बनाउनेदेखि कक्षामा उठेर प्रश्न गर्न थालेका छन् । यसले हामी शिक्षकहरुमा पनि उत्साहको उर्जा थपेको छ ।’

त्यस्तै सुर्योदय मा.वि.मसिनाका प्र.अ. धर्म घर्तीले पनि विद्यार्थीहरुमा मोटिभेसन कक्षापछि पहिले भन्दा अहिले अन्यन्तै सकारात्मक परिवर्तन भएको बताएका छन् । मोटिभेसन कक्षा पाएपछि विद्यार्थीले ‘मैले मेरो लागि पढ्नुपर्ने रहेछ’ भन्ने बोध गरेको उनले बताए । ‘हामी शिक्षकहरूलाई पनि पढाउन र बुझाउन अझ सजिलो वातावरण बनेको छ,’ प्र.अ. घर्तीले भने । देवकोटा लामो समय शिक्षण पेशासहित विभिन्न एनजिओहरुमा समेत कार्यअनुभव बटुलिसकेका मोटिभेटर हुन् । उनी ५ डीग्री एंगल चेन्जको शुत्रको समेत जानकार रहेका छन् । रोल्पाका विद्यार्थीहरुलाई पढाइमा जाग्रित बनाउन थालिएपछि अभिभावक तथा शिक्षकहरु हर्षित भएका छन् ।

# ‘हामी नेपाली ग्लोबल सिसेल्स च्याप्टर’द्वारा मिर्गौला पीडितलाई सहयोग



**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ जेठ

पूर्वी अफ्रिकी मुलुक सिसेल्समा कार्यरत नेपालीहरुको संस्था ‘हामी नेपाली ग्लोबल सिसेल्स च्याप्टर’ले लमजुङका मिर्गौला पीडितलाई आर्थिक सहयोग गरेको छ ।

‘भजन गाउने ओठहरुभन्दा सेवा गर्ने हातहरु महान हुन्छ’ भन्ने कुरालाई मनन् गर्दै सिसेल्स च्याप्टरले मिर्गौला पीडित लमजुङ सुन्दरबजार नगरपालिका वडा नं ६ का ३२ वर्षीय कमल तामाङलाई ७३ हजार रुपैयाँ सहयोग गरेको हो । संस्थाका नेपाल संयोजक करुणा कुँवरले शनिबार पीडित तामाङलाई सहयोग रकम हस्तान्तरण गरिन् ।

सिसेल्स च्याप्टरका अध्यक्ष दीपेन्द्र कुँवरको संयोजकत्वमा संस्थाका पदाधिकारी तथा सिसेल्समा कार्यरत केही नेपालीहरुबाट उक्त रकम संकलन गरिएको थियो ।

संस्थाका महासचिव सुरेन्द्र कुँवरले संस्थाले आर्थिक अभावका कारण जटिल समस्यासँग संघर्ष गर्दै मर्नु र बाँच्नुको दोसाधमा रहेका जो कोहीलाई पनि मानवीय नाताले सहयोग गर्दै आएको बताए । उनले उक्त रकम पर्याप्त नभए पनि पीडामा छटपटी रहँदा पीडितको पीडामा मलहम लगाउने कार्य गरिएको बताए ।

सहयोग रकम बुझ्दै मिर्गौला पीडित गुरुङले आफू बिरामी भएको ७ महिना भएको र भक्तपुरमा उपचाररत रहेको बताए । सहयोगी संस्था सिसेल्स च्याप्टरलाई धन्यवाद दिँदै उनले यो आर्थिक सहयोग आफ्नो लागि महत्वपूर्ण हुने बताए ।

# जनहित उपभोक्ता समितिको कार्यालयभित्र भवन निर्माण गरिने

**अखिलेशकुमार यादव/मध्यान्ह**
बारा, १३ जेठ

पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र रहेको जनहित उपभोक्ता समितिको कार्यालय परिसरभित्र ट्रस्ट भवन निर्माण गरिने भएको छ । उक्त भवनको शनिबार एक कार्यक्रमकाबीच जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.३ का वडा अध्यक्ष तारा बहादुर कार्कीले शिलान्याश गरेका छन् । वडा नं.३ को ५ लाख र उपमहानगरपालिका कार्यालयको ३ लाख गरी ८ लाखको लागतमा ट्रस्ट भवन निर्माण गर्न लागिएको समितिका अध्यक्ष अमृतलाल श्रेष्ठले बताए ।शिलान्याशपछि बोल्दै अध्यक्ष कार्कीले आफ्नो वडा क्षेत्रभित्र जनहित उपभोक्ता समितिको कार्यालय नपर्ने भएपनि आफुले उक्त कार्यालयमा तालिम, गोष्ठी, सेमिनार गराउन सजिलो हुने भएकाले वडाबाट ५ लाख सहयोग गरिएको बताए । ट्रस्ट भवनमा १ सय ५० जनासम्म अट्न सक्ने समितिका अध्यक्ष श्रेष्ठले बताए ।

शिलान्याश कार्यक्रममा भिमेश्वर मध्यवर्ती सामुदायिक वन समूहका अध्यक्ष पेसल मुल्मी, वडा नं. ३ का इन्जिनियर र जनहित उपभोक्ता समितिका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

### प्रचण्डले...

जनाए । प्रमुख प्रतिपक्षी दलका नेतामाथि पशुपतिमा सुनको जलहरी भनेर पित्तल टाँसेर आरोपित गरेको भन्दै माफी माग्नुपर्ने अडान राखे । शीर्ष नेताहरुबीच भएको सहमतिअनुसार शनिबार प्रधानमन्त्रीले स्पष्टीकरण दिएपछि संसदको अवरोध हट्यो ।

सरकारदेखि संसद संचालन मात्रै नभएर अन्य राजनीतिक एजेण्डाहरुमा पनि प्रधानमन्त्री प्रचण्ड राजनीतिक दलहरुका बीचमा मध्यस्थकर्ता भूमिकामा प्रस्तुत हुँदै आएका छन् । सरकारको नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरुको शनिबार जवाफ दिने क्रममा प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय समस्याहरु समाधान गर्न सबै एक ठाउँमा आउनुपर्ने पनि बताए ।

पहिलो गठबन्धनबाट दोस्रोमा आइपुग्दा केही तितामिठा अनुभूति भए पनि देश र जनताको हितलाई हेरेर एक ठाउँमा आउनुपर्ने बताए ।

२०७२ मा विनाशकारी भूकम्प गएपछि प्रतिपक्षमा रहेको आफ्नो दलले सरकारलाई सहयोग गरेको र अहिले पनि संसदीय समिति गठन, संवैधानिक परिषद्का विषयमा आफूले सक्दो लचकता देखाएको उनले दाबी गरे । ‘अहिले पनि राष्ट्रिय समस्यामा राष्ट्रिय सहमति आवश्यक छ, प्रधानमन्त्री प्रचण्डले अगाडि भने, सुशासन, त्यसमा पनि भ्रष्टाचार विरुद्धको लडाई हामी सबै मिलेर मात्र जित्न सक्छौं ।’

### असार...

सीप र दक्षता अभिवृद्धि गरेर खाडीका मुलुकहरूमा केन्द्रित वैदेशिक रोजगारलाई युरोपेली मुलुक, क्यानडा र न्युजिल्यान्ड पठाउन जब फेयरका माध्यमबाट काम गर्न चाहेको पनि उनले बताए । आफ्नो नेतृत्वमा संघ कार्यसमिति निर्वाचित भएपछि साउदी दूतावास समस्याको समाधान गर्न गम्भीरताका साथ पहल भएको, नेपाल सरकारको नीति तथा कार्यक्रममा नयाँ गन्तव्य र सीप विकासका एजेण्डालाई समावेश गराएको, व्यवसायीहरूलाई ऐन कानूनका विषयमा अभिमुखीकरण प्रदान गरिएको भन्दै अध्यक्ष भण्डारीले कामदारमाथि भार नपार्ने गरी साउदीले भीएफएस सञ्चालन गर्नुपर्ने संघको अडान रहेको बताए । उनले संघ आर्थिक पाटोमा कमजोर रहेको र भवन नहुँदा व्यवसायीको शिर निहुरिएको अवस्था देखापरेको भन्दै व्यवसायीलाई भवनका लागि सहयोग गर्न आग्रह गरे ।

समाजका सल्लाहकार पूर्वअध्यक्ष बलबहादुर तामाङले ऐन संशोधन, सेवा शुल्क परिमार्जन र सरकारले कामदार पठाउनु हुँदैन, सरकार कामदार पठाउने एजेन्ट होइन भन्ने विषयमा मन्त्रालय र सरकारी निकायलाई संघले सम्झाउन सक्ने गरी काम गर्न सुझाव दिए ।

ओखलढुंगा जिल्लाको सुनकोशी गाउँपालिकाका अध्यक्ष तथा संघका पूर्वकार्यवाहक अध्यक्ष कमल तामाङले व्यवसायीले पारदर्शिताका आधारमा काम गर्न आवश्यक रहेको बताउँदै संख्या सयलाई व्यवसायीको दीर्घ रोगको संज्ञा दिए । उनले संख्या सयविरूद्ध संघर्ष गर्दागर्दै तत्कालीन अध्यक्ष विष्णु गैरेले मृत्युवरण गर्नुपरेको र त्यसपछिका अध्यक्षहरू पनि सोही समस्या समाधान गर्न छट्पटाइ रहेकाले संघले यसपटक टुंगोमा पुर्‍याउनुपर्ने माग गरे ।

वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपालका अध्यक्ष जनक रावलले संख्या सय समाधानका लागि तत्कालै पार्टीका तर्फबाट पहल गर्न घटक संस्थाहरू जागरुक हुन जरुरी रहेको धारणा राखे ।

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीले पनि वैदेशिक रोजगार क्षेत्रमा तामाङ व्यवसायीहरूको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै संख्या सय समाधानका लागि फाइल अगाडि बढेकाले सबैलाई आफ्नो दलको तर्फबाट लविङ गर्न आग्रह गरे । उनले भने, ‘९९.९ प्रतिशत समाधान भइसकेको छ । शून्य दशमलव एक प्रतिशतका लागि पहल गरौं ।’

वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष सीता देवकोटाले संघले संख्या सयको समस्या समाधान र महिला घरेलु महिला कामदारमाथिको विभेद अन्त्य गर्न काम गर्नुपर्ने सुझाव राखिन् ।

वैदेशिक रोजगार व्यवसायी तमुधि समाजका अध्यक्ष तीर्थबहादुर गुरूङले वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या समाधानका लागि संघको वर्तमान कार्यसमितिको सक्रियता देखिएको भन्दै सुधारका कामलाई निरन्तरता दिन आग्रह गरे ।

वैदेशिक रोजगार व्यवसायी नेवा समाजका अध्यक्ष किशन प्रधानले सरकारका अविवेकपूर्ण निर्णयले व्यवसायी समाप्तितर्फ भएकाले संघ गम्भीर हुनुपर्ने बताए । उनले वैदेशिक रोजगार क्षेत्रमा १४ वटा क्षेत्रीय ६ दल निकट संस्था रहेकाले तत्कालै एउटा कार्यदल बनाउनुपर्ने भनाइ राखे ।

कार्यक्रममा सुनकोशी गाउँपालिका अध्यक्ष तथा संघका पूर्वकार्यवाहक अध्यक्ष तामाङलाई सम्मान गरिएको थियो । कार्यक्रममा नेपाल वैदेशिक रोजगार मगर समाजका अध्यक्ष पदम आले, समाजका संस्थापक अध्यक्ष टंक घिसिङलगायतको उपस्थिति रहेको थियो । समाजका तत्कालीन महासचिव मोहन योञ्जनले सञ्चालन गरेको कार्यक्रम तत्कालीन सभापति मीनप्रसाद तामाङको अध्यक्षतामा भएको थियो । स्वागत मन्तव्य तत्कालीन उपाध्यक्ष शुक्र पाखिनले राखेका थिए ।

### वैदेशिक...

समाजको कार्यसमिति सर्वसम्मतिले चयन गरेको नवनिर्वाचित महासचिव तिलक तामाङले जानकारी दिए ।

कार्यसमितिको तीन उपाध्यक्षहरूमा कमशः ग्रीन लाइट ओभरसिज प्रा.लि.का सञ्चालक मोहन योञ्जन, आकृति रिक्रुटिङ प्रा.लि.का सञ्चालक कुन्छा दोर्जे डिम्दोङ र पर्फेक्ट ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक मोहन स्याङ्बो निर्वाचित भएका छन् ।

महासचिवमा निर्वाचित तिलकबहादुर तामाङ रेज रिक्रुटमेन्ट प्रा.लि.का सञ्चालक हुन् भने दुई सचिवमा विज्ञान एच. आर. म्यानेजमेन्ट प्रा.लि.का सञ्चालक सुकबहादुर तामाङ र डोटी ओभरसिज प्रा.लि.का सञ्चालक लीलबहादुर तामाङ निर्वाचित भएका छन् । कोषाध्यक्ष्यमा गुडलाइट इन्टरनेशनल प्रा.लि.का सञ्चालक इन्द्रबहादुर तामाङ निर्वाचित भएका छन् ।समाजको कार्यसमिति सदस्यहरु राज ग्रुप अफ कम्पनीका सञ्चालक राज लामा, एसआरसी जब प्लेसमेन्टल प्रा.लि.का सञ्चालक रामध्वज लामा, रिक्रुटमेन्ट एजेन्सी प्रा.लि.का सञ्चालक सोमबहादुर तामाङ, मोभिरा रिक्रुटमेन्ट प्रा.लि.का सञ्चालक बिजबहादुर ब्लोन, अल सोलुशन प्रा.लि.का राजु पाखिन र रेडपाण्डा इन्टरनेशनल प्रा.लि.का सञ्चालक सञ्जय ब्लोन, गोल्डेन इन्टरनेशनल प्रा.लि.का सञ्चालक हस्तबहादुर तामाङ निर्वाचित भएका छन् ।

### प्रधानमन्त्रीको...

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पञ्चेश्वरको डीपीआर छ महिनामा तयार गरिने आश्वासन दिएका थिए ।

सन २००० मा पञ्चेश्वर परियोजना अघि बढाउन नेपाल-भारत संयुक्त कार्यालय स्थापना गरिएको थियो । तर त्यो दुई वर्षपछि बन्द हुन पुग्यो । सन २००३ मा भारतले पनि पञ्चेश्वर परियोजनाको आफ्नै डीपीआरको खाका तयार गरेको थियो ।

तर मुख्य गरी पानीको बाँडफाँटबारे दुई देशबीच कुरा मिल्न नसक्दा अहिलेसम्म पनि महाकाली पञ्चेश्वर परियोजनाको डीपीआरलाई दुवै पक्षले अन्तिम रूप दिन सकेका छैनन् । सुदूरपश्चिममा महाकाली नदी बग्ने पहाडी क्षेत्रमा विशाल बाँध निर्माण गरेर ५,००० मेगावाटभन्दा बढी बिजुली उत्पादन गर्ने र दुवै देशका लाखौं हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउने योजना वर्षौं पुरानो हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका अनुसार यदि दुवै देशबीच निकट भविष्यमा सहमति जुटेर पञ्चेश्वर बहुउद्देश्यीय परियोजना अघि बढ्ने अवस्था भएमा सबभन्दा पहिले लगानीको जोहो गर्नुपर्ने हुन्छ । पछिल्लो डीपीआर अनुसार परियोजनाका लागि कम्तीमा ६ खर्ब नेपाली रुपैयाँ लगानी आवश्यक पर्नेछ । त्यसको जोहो हुन सकेमा बैतडी जिल्लाको पञ्चेश्वर गाउँपालिकामा नेपाल-भारत सिमानामा ३१५ मिटर अग्लो बाँध निर्माण गर्ने महत्वाकांक्षी परियोजनाको काम सुरु हुनेछ ।

ZERO COST RECRUITMENT IN MALAYSIA !!
मलेशियामा शुन्य लागतको रोजगार !!

कम्पनी : ECOMATE SDN BHD — शहर : Malaysia, JOHOR
पूर्व स्वीकृत मितिः २०८०/०२/१२ — चलानी नं.: ६०२०२०५९ — LT. No.: 286677

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 210 | 0 | स. काममा दक्ष | 1500 | ४२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २१ गते (4 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाताले दिने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले दिने | रु. १,५००/- रोजगारदाताले दिने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

## बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बलेफी, सिन्धुपाल्चोक**
**वागमती प्रदेश, नेपाल**

### बलेफी गाउँपालिका सिन्धुपाल्चोकको ढुंगा, गिट्टी, बालुवा संकलन तथा उत्खनन् शुल्क उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०२/१४**
**ठेक्का नं. आ.०१/२०८०/०८१**

यस गाउँपालिकाको सुनकोशी नदी र ब्रम्हायणी नदी किनाराका विभिन्न स्वीकृत स्थानहरुबाट निकासी गरिने ढुंगा, गिट्टी, बालुवाको शुल्क बागमती प्रदेश सरकारको आ.व. ०७९/०८० का आर्थिक ऐन, २०७९ मा उल्लेखित दरमा बोलपत्रको माध्यमबाट बढाबढ गरी संकलन गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नागरिकताको प्रतिलिपी, फर्मको हकमा दर्ता तथा नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, नियमानुसारको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपीहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित यो सूचना प्रकाशित भएको मितिले ३१ दिनभित्र रितपूर्वकको विद्युतीय बोलपत्र सार्वजनिक खरिद अनुगमनको कार्यालयको website https;//ppmo.gov.np/egp मा रहेको site प्रयोग गरी पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइएको छ ।

| शुल्क उठाउन पाउने दररेट | कारोबार योग्य अधिकतम परिमाण (घनफिट) | न्युनतम ठेक्का अंक(मू.अ.क. बाहेक) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|
| प्रति घनफिट रु. ९/- | ४,४७,६८४।०२ | ४०,२९,१५६।१८ | २०८० असार ११ गते सोमबार कार्यालय समयभित्र | २०८० असार १२ गते मँगलबार दिउँसो १२ बजेभित्र | २०८० असार १२ गते मँगलबार दिउँसो १ बजेभित्र |

**शर्तहरु**

१. ठेक्काको मान्य अवधिः (उत्खनन, संकलनको हकमा सम्झौता भएको मितिदेखि २०८० जेष्ठ मसान्तसम्म र विक्रीको हकमा सम्झौता भएको मितिदेखि २०८० असार मसान्तसम्म कायम रहनेछ ।
२. ठेकेदारका कारण सम्झौता गर्न ढिलाई भएमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । स्वीकृत परिमाणको अभिलेख गाउँपालिका समेतले राख्नेछ । सो अनुसार उल्लेखित अबधी अगावै कारोबार योग्य परिमाण विक्री भएमा तोकिएको समयाबधि अगावै स्वतः समाप्त हुनेछ ।
३. बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५ प्रतिशत हुने आउने रकम गाउँपालिकाको नाममा रहेको एन.आइ.सी. एसिया बैंक लि. खाडीचौर शाखाको धरौटी खाता नं. J४CA०००३५७०५२४०५ मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको म्याद सकिने दिनबाट कम्तिमा १२० दिन म्याद भएको विड बन्ड समेत बोलपत्रसाथ अनिवार्य संलग्न हुनु पर्नेछ ।
४. बोलपत्र फाराम खरिद एवम् दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।
५. बोलपत्रमा समावेश हुने बोलपत्रदाताले एन.आइ.सी. एसिया बैंक लि., खाडीचौर शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता नं. J४CA५०००३५७०००७ मा बोलपत्र खरिद वापतको बोलपत्र दस्तुर रु. ३०००/- दस्तुर दाखिलाको सक्कल भौचर स्क्यान गरी कागजातमा समावेश गर्नु पर्नेछ । सो को सक्कल प्रतिहरु बोलपत्र खोलिए लगत्तै कार्यालमा उपलब्ध गराउनु पर्नेछ ।
६. प्राप्त हुन आएका बोलपत्रहरु दर्ता गर्ने म्याद सकिए लगत्तै सोही दिन अपरान्ह १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ । साथै प्रस्ताव खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि खोल्न कुनै बाधा हुने छैन ।
७. बोलपत्रदाताहरुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
८. बोलपत्र स्वीकृति भएको जानकारी पाएको १५ (पन्ध्र) दिनभित्र बोलपत्रदाताले न्युनतम ४० प्रतिशत नगद कार्यालयले तोकि दिएको खातामा जम्मा गरेको सक्कल भौचर तथा बोलपत्रमा उल्लेख भए अनुसारको बाँकी ६० प्रतिशत रकम किस्त सम्झौतामा तोकिएको किस्तामा र अवधिभित्र दाखिला गर्नुपर्नेछ । किस्तामा भुक्तानी गर्ने शुल्कको हकमा सम्झौता बखत नेपाल सरबारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा २०८१ श्रावण मसान्तसम्मको म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेन्टी (Performance Bond) सहित सम्झौता गर्न आउनु पर्नेछ ।
९. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बलेफी गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।
१०. यस सम्बन्धी अन्य जानकारी चाहिएमा कार्यालय समयभित्र कार्यालयमा बुझ्न सकिनेछ । साथै कार्यालयको वेभसाइट www.balephimun.gov.np मा र सार्वजनिक खरिद अनुगमनको कार्यालयको website https;//ppmo.gov.np/egp मा हेर्न सकिनेछ ।
११. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# जुम्लामा जनसंख्या बढ्यो



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १३ जेठ

राष्ट्रिय जनगणना २०७८ अनुसार जुम्लाको जनसंख्या १ लाख १८ हजार ३ सय ४९ जना रहेको नतिजा सार्वजनिक गरिएको छ। शुक्रबार तथ्यांक कार्यालय जुम्लाले आयोजना गरेको राष्ट्रिय जनगणना २०७८ को जिल्लास्तरीय नतिजा सार्वजनिक कार्यक्रममा उक्त तथ्यांक सार्वजनिक गरेको हो।

२०६८ को जनगणनाभन्दा २०७८ को जनगणनामा जुम्लाको जनसंख्या वृद्धि भएको तथ्यांक कार्यालय जुम्लाले जनाएको छ। २०६८ को जनगणना अनुसार जुम्लाको जनसंख्या १ लाख ८ हजार ९ सय २१ जना थियो भने २०७८ मा १ लाख १८ हजार ३ सय ४९ पुगेको छ। २०६८ को जनगणना भन्दा अहिलेको जनसंख्या ९ हजार ४ सय २८ जनाले वृद्धि भएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार जुम्लाको जनसंख्या १ लाख १८ हजार ३ सय ४९ जनामध्ये पुरुषको संख्या ५९ हजार २सय २८ जना र महिलाको संख्या ५९ हजार १सय २१ जना रहेको तथ्यांक कार्यालय जुम्लाका कार्यालय प्रमुख रघुनाथ योगीले जानकारी दिए।

जुम्लाका आठ वटा स्थानीय तहमध्ये सबैभन्दा बढी जनसंख्या चन्दननाथ नगरपालिकको रहेको छ भने सबैभन्दा कम जनसंख्या गुठीचौर गाउँपालिकाको रहेको छ। चन्दननाथ नगरपालिकामा २१ हजार ३६,पातारासी गाउँपालिकमा १६ हजार ८ सय २४ ,तातोपानीमा १५ हजार ५ सय ७५, तिलामा १४ हजार ५ सय ३९, कनकासुन्दरीमा १३ हजार ६ सय २५,हिँमामा १२ हजार १ सय १९, सिँजामा १२ हजार ५ सय ५६ र गुठीचौर गाउँपालिकमा १० हजार ९ सय २२ जना रहेको उनले जानकारी दिए।

स्थानीय तह अनुसारको जनसंख्या, जनघनत्व, जनसंख्या वृद्धिदर र परिर्वतन, घरको संख्या र स्वामित्व, परिवारमुली, परिवारमा अनुपस्थित जनसंख्या, वैदेशिक रोजगारमा रहेका जनसंख्या, उमेर समूहअनुसारको जनसंख्याको संरचना, जनसंख्याको शौक्षिक स्थिति साक्षरता, जन्मस्थानको आधारमा जनसंख्या, आर्थिक क्रियाकलापसम्बन्धी विवरण, जन्मदर्ताको अवस्थाअनुसार बालबालिकको संख्या, परिवारमा बत्ति बाल्न अक्सर प्रयोग गरिने स्रोत, परिवारले प्रयोग गर्ने शौचालयलगायत अन्य प्रगोग गर्ने जनसंख्याको पनि तथ्यांक सार्वजनिक गरिएको थियो।

उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले जनसंख्याकै आधारमा आयोजना नीति नियमावली, ऐन लगायतका विकास निर्माणका कार्यहरु अघि बढ्ने भएकाले यसमा सबैको सहकार्य आवश्यक पर्ने बताए। जनसंख्या नदोहोरिनका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र कर्मचारीहरुको पनि सही तथ्यांक आउनुपर्नेमा उनले जोड दिए। जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरिनन्द आर्चायले तथ्यांक दोहोरिने प्रविधिलाई कम गर्नुपर्नेमा जोड दिए। जनगणनामा कोही पनि नछुट्ने र कोही पनि नदोहोरिने कार्यमा ध्यान दिन जरुरी रहेको उनले बताए। यसले गर्दा सही तथ्यांक आउने उनको भनाइ छ।

## अस्पतालको गेटमा भेटियो नवजात शिशु

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १३ जेठ

सिरहा लहान नगरपालिकास्थित प्रादेशिक अस्पतालको गेटमा नवजात शिशु भेटिएको छ।

शुक्रबार राति करिब १२ बजे एक मोटरसाइकलमा सवार पुरुष र महिलाले नवजात शिशुलाई अस्पतालको गेटमा छाडेर भागेको अस्पतालका कर्मचारीले बताएका छन्। अस्पतालका एक सुरक्षागार्ड डियुटीमा खटिएका बेला अस्पतालको गेटमा बच्चा रोएको अवाज सुनेपछि गार्डले चिकित्सकलाई बोलाएका थिए। शिशुलाई अहिले अस्पतालको जिम्मामा राखिएको छ।

# बढ्यो डेंगुको जोखिम सतर्क रहन मन्त्रालयको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ जेठ



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्मीयामसँगै पानी पर्न थालेकाले डेंगुको संक्रमणबाट जोगिन आग्रह गरेको छ। पानी परेसँगै लामखुट्टेका लार्भाको संख्या बढ्ने भएकाले मन्त्रालयले डेंगु सङ्क्रमणबाट जोगिन आग्रह गरेको हो।

मन्त्रालयले एक सूचना जारी गर्दै डेंगुको संक्रमणबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट बच्नुपर्ने भन्दै सधैं झूल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएका लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ। यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढंगले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिनसमेत आग्रह गरेको छ। 'पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ। ती फुल लार्भा भएर निस्कन्छ र वयस्क लार्भा लामखुट्टे बन्छ', इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा.गोकर्ण दाहालले बताए।

उनले अहिले पानी परिरहेकाले सचेत रहन सबैलाई आग्रह गरे। 'दैनिक पानी परिरहेको छ। पानी जम्मा भई लामखुट्टेले फुल पार्दछ', उनले भने, 'सफा पानीमा त्यही लार्भा बन्ने र मानिसलाई टोक्ने गर्दछ। डेंगुको संक्रमणबाट बच्न सरसफाइ गर्न आवश्यक छ।'

रोग नियन्त्रण शाखाका प्रमुख डा.दाहालका अनुसार सन् २०२२ सम्ममा ५४ हजार छ सय ३० जनामा डेंगु देखिएकामा ८८ जनाको मृत्यु भएको थियो। गत पुस १५ देखि हालसम्म सात सय एक जनामा डेंगुको संक्रमण देखिएको छ। मन्त्रालयले हरेक शुक्रबार डेंगीविरुद्धका अभियान सञ्चालन गर्न पनि आग्रह गरेको छ। मन्त्रालयले हरेक शुक्रबार बिहान साढे १० बजे सबै कर्मचारी सहभागी भई सरकारी तथा सार्वजनिक कार्यालय हाताभित्र र वरिपरि सरसफाइ अभियान सञ्चालन गर्न आग्रह गरेको हो।

सामान्य प्रकारको डेंगुमा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदि जस्ता लक्षण देखा पर्दछन्। नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेंगु देखिएको थियो। सन् २००५ मा भने डेंगुका बिरामी देखिएनन्। त्यसपछि सन् २००६ देखि डेङ्गुको संक्रमण देखिँदै आएको छ।

मन्त्रालयका अनुसार सन् २००६ मा ३२, सन् २०१० मा नौ सय १७, सन् २०१३ मा छ सय ८६, सन् २०१६ मा एक हजार पाँच सय २७, सन् २०१७ मा दुई हजार एक सय ११, सन् २०१८ मा आठ सय ११ र सन् २०१९ मा १७ हजार नौ सय ९२ जनामा डेंगुको संक्रमण देखिएको थियो। सन् २०२० मा पाँच सय ३० र सन् २०२१ मा पाँच सय ४० जना डेंगुका बिरामी देखिएका थिए।

# रकम संकलन गरेर सडक निर्माण



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १३ जेठ

रुकुम पश्चिम बाफिकोट गाउँपालिकाको एक गाउँमा रकम संकलन गरेर सडक निर्माण गरिने भएको छ। बाफिकोट गाउँपालिका वडा नम्बर ६ को जिप्सीडको रबि गाउँदेखि घुर्तिखोलासम्म सडक निर्माण गर्न लागिएको हो।

शनिबारदेखि रकम संकलन गरेर उक्त सडक निर्माण गर्न लागिएको सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष डिलबहादुर कुसारीले बताए।

अहिलेसम्म ५२ हजार ५ सय रुपैयाँ संकलन भएको अध्यक्ष कुसारीले जानकारी दिए। समाजसेवी तथा अमेरिकामा रहेका गोर्ख कुसारीले ५० हजार सहयोग गरेका छन्। त्यस्तै समाजसेवी पृथ्वीनारायण कुसारीबाट १ हजार ५ सय, अलबहादुर घर्तीबाट १ हजार र रत्नबहादुर शाहीबाट १ हजार सहयोग प्राप्त भएको छ।

कसैले वास्ता नगरेपछि समिति नै गठन गरी सडक निर्माणमा लागेको स्थानीयको भनाइ छ। अध्यक्ष कुसारीले यो सडक बाफिकोट गाउँपालिका वडा नम्बर ५ लेखाबाङसम्म जोड्ने लक्ष्य रहेको बताए। सडक निर्माणका लागि सहयोग गर्नेलाई अध्यक्ष कुसारीले ९८०९७६४००२ मा सम्पर्क गर्न अनुरोधसमेत गरेका छन्।

## ठगी आरोपमा निमित्त प्रमुख पक्राउ

बारा/मस-जिल्ला हुलाक कार्यालय बाराका निमित्त प्रमुख बलिरामप्रसाद कुर्मी पक्राउ परेका छन्। हुलाक बचत बैंक कलैयामा विभिन्न व्यक्तिका खाता रहेको करिब रु दुई करोड रकम ठगी गरेको उजुरीका आधारमा कुर्मीलाई पक्राउ गरिएको बारा जिल्ला प्रहरी कार्यालयका प्रवक्ता पुरुषोत्तम सिंह पाण्डेयले जानकारी दिए। पर्सा, बहुदारमाई गाउँपालिका-२ बस्ने कुर्मीले देवताल गाउँपालिका-४ टोल पिप्राढी निवासी ५५ वर्षीय प्रदीपकुमार चौधरीको खाताबाट ३५ लाख ५० हजार पाँच सय २६ र उहाँकी पत्नीको खाताबाट रु २१ लख ५३ हजार आठ सय ८५ गरी रु ५७ लाख चार हजार चार सय ११ हिनामिना गरेको उनीहरुको आरोप छ। कुर्मीले उनीहरुसहित १३ जना बचतकर्ताको रु एक करोड ९५ लाख ३४ हजार नौ सय ६६ आफ्नो खातामा ट्रान्सफर गरी हुलाकको खाता शून्य बनाइ सो रकम हिनामिना गरेको आरोपमा महागढीमाई नगरपालिका-२ बरियापुरका ज्ञानप्रकाश रौनियारसहित १३ जनाले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका छन्।

# प्लास्टिकजन्य पदार्थको प्रयोग बन्द गर्न माग

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, १३ जेठ

नेपाल ट्रेड युनियन कांग्रेस डडेल्धुराका अध्यक्ष धनबहादुर भण्डारीले डडेल्धुरालाई वातावरणमैत्री बनाउनका लागि प्लास्टिकजन्य पदार्थको प्रयोग बन्द गर्नुपर्ने बताएका छन्।

शनिबार नेपाल निजामती कर्मचारी युनियन जिल्ला शाखा डडेल्धुराको आयोजनामा भएको सम्मान तथा भित्तेपात्रो वितरण कार्यक्रममा प्रमुख अतिथि भण्डारीले डडेल्धुरामा प्लास्टिकजन्य पदार्थको प्रयोग बन्द गर्नुपर्ने र त्यसको शुरुवात आफैंबाट गर्न आवश्यक रहेको बताएका हुन्।

अध्यक्ष भण्डारीले पेशागत हक अधिकारका लागि सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिए। उनले निजामती कर्मचारीको पेशागत सुरक्षाका लागि ट्रेड युनियन कांग्रेस पनि सक्रिय भएर लाग्ने बताए। नेपाल निजामती कर्मचारी युनियन जिल्ला शाखा डडेल्धुराका अध्यक्ष रणेन्द्र सिंहको अध्यक्षतामा भएको कार्यक्रममा सेवा निवृत्त ६ जना कर्मचारीलाई सम्मान गरिएको थियो। धनबहादुर भण्डारी, मानबहादुर नगरकोटी, मदनराज पाण्डेय, धिरबहादुर खाती, यज्ञराज रोस्यारा र कृतबहादुर साउदलाई सम्मान गरिएको अध्यक्ष सिंहले बताए। यस्तै युनियनको जिल्ला उपाध्यक्षमा बसन्तराज ओझा र निर्मला चौधरी तथा सदस्यमा महादेव भट्ट र खेमराज अवस्थीलाई मनोनित गरिएको छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०२/१४**

**देव पोलिक्लिनिक प्रा.लि.** को मिति २०८०/०१/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **देव जनता हस्पिटल प्रा.लि. (प्रा.लि. नं.: २७९८१५)** कायम गर्ने गरी मिति २०८०/०१/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेश्रो पटक प्रकाशित मितिः २०८०/२/१४**

यस कम्पनीको मिति २०७९/१२/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय वमोजिम साविक कम्पनीको नाम **काठमाण्डू मोडेल अस्पताल इन्ष्टिच्युट अफ हेल्थ साइन्सेन्स** (दर्ता नं. २८८६७३) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पति तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०२/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **काठमाण्डू मोडेल अस्पताल इन्ष्टिच्युट अफ हेल्थ साइन्सेस्** (दर्ता नं. २८८६७३) कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## अनुसूची-१५
**(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०२/१४**

श्री भैरवस्थान सामुदायिक वन उपभोक्ता समुह, बराहताल-०८ सुर्खेतको सामुदायिक वनबाट आ.व. ०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान १६६ को १७४६.९० क्यु.फि. काठ र साल जातको ३ चट्टा र अन्य जातको २.५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. भेरी सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ।

**श्री भैरवस्थान सामुदायिक वन उपभोक्ता समुह**
**बराहताल- ०८, सुर्खेत**

## अनुसूची-१५
**(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०२/१४**

श्री शान्ति सामुदायिक वन उपभोक्ता समुह, पञ्चपुरी-१० सुर्खेतको सामुदायिक वनबाट आ.व. ०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान १३३ को १४४४.२५ क्यु.फि. काठ र साल जातको दाउरा १.६८ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. भेरी सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ।

**श्री शान्ति सामुदायिक वन उपभोक्ता समुह,**
**पञ्चपुरी-१०, सुर्खेत**

Bagmati Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
**Infrastructure Development office, Dhulikhel, Kavrepalanchowk**

**Request for Expression of Interest**

Date of publication: 2080-02-14 (EOI no.: 01-IDOKAVRE/CS/EOI/079-80)

1. Government of Bagmati Province has allocated fund *toward the cost of DPR OF BRIDGES* and intends to apply a portion of this *fund* to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service.
2. The Infrastructure Development office now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: *Feasibility Study, Detailed Engineering Survey, Soil Investigation, Hydrological Study and Detailed Design of the bridge(s): - 11 No. Bridges (one in Bhaktapur District & Rest of others in Kavrepalanchok District).*
3. Interested eligible consultants may obtain further information and EOI document free of cost on e-GP system www.bolpatra.gov.np/egp or visit the client's website *https://idokavre.p3.gov.np/* . Consultants may associate with other consultants to enhance their qualifications.
4. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before 2080-2-29, 12:00 noon.
5. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
6. EOI will be assessed based on *Qualification [30%], Experience [50%], and Capacity [20%]* of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal. Minimum score to pass the EOI 65.

## डिभिजन वन कार्यालय दैलेख

**प्रस्ताव पत्र आह्वान सम्बन्धी सूचना**

**दोश्रो पटक प्रकाशित मितिः २०८०/०२/१३**

चालु आ व ०७९/०८० को लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय कर्णालि प्रदेश सूर्खेतबाट यस कार्यालयको लागि स्वीकृत तपसिलमा उल्लेखित कार्यक्रम संचालनको लागी इच्छुक कृषक / व्यवसायि / उद्दमि / सहकारी / समुह / समुदाय / संस्थाबाट व्यवसायिक योजना सहित प्राविधिक तथा आर्थिक प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा पेश गर्नहुन दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ। पूर्ण व्यहोराको सूचनाको विवरण डिभिजन वन कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, उद्योग बाणिज्य संघ, ११ वटै पालिका र प्रदेश लेखा इकाइ कार्यालय दैलेखको कार्यालयको सूचना पाटिमा टासँ गरिएको छ।

**तपसिल**

| सि नं | कार्यक्रमको नाम | इकाइ | बजेट रु लाखमा | छनौट गरिएको क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| २ | पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार कार्यक्रम | पटक | १० | गुँरासे ६, डुंगेश्वर ३, महावु ६, नौमुले २, भैरवी ६, भगवतीमाई ६, चामुण्डाविन्द्रासैनी ४, नारायण ९, दुल्लु न पा ११ का वडाहरु | सामुदायिक वन उपभोक्ता समूह/कबुलियति वन उपभोक्ता समूह/ निजि वन/सहकारी ले प्रस्ताव पेश गर्ने (प्रजातिः टिमुर, चिउरी, लौठ सल्ला, काउलो, तेजपात, अल्लो / लोक्ता) |

नोट : थप जानकारीको लागी डिभिजन वन कार्यालय दैलेखको फोन नं ०८९-४२०१३२ र ९८५८०८३९९९ मा सम्पर्क राखि जानकारी लिन सकिनेछ। साथै यस सम्बन्धी विस्तृत सूचना डिभिजन वन कार्यालय दैलेखको वेवसाईट www.dfodailekh.gov.np मा हेर्न सकिनेछ।

**डिभिजनल बन अधिकृत**

## राप्ती नगरपलिका
## नगर कार्यपालिकाको कार्यालय
**भण्डारा, चितवन नेपाल**

**बिषयः बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकासन मितीः २०८०-०२-१४**

यस कार्यालयबाट मिती २०८० बैशाख १३ गते (26th April, 2023) गते बिद्युतिय खरिद प्रणालीमार्फत Single Stage double envelope System मा आह्वान भएकोमा ठे.नं. 10/Works/NCB/RM/079/080 को "पम्पा खोला तटबन्धन आयोजना, राप्ती नगरपालिका वार्ड न. ७" योजना निर्माण सम्बन्धी बोलपत्रहरुमध्ये यस कार्यालयको निर्णय बमोजिम सारभुतरुपमा प्रभावग्राही ठहर भइ सबैभन्दा न्यून कबोल रकम पेश गर्ने तपसिल बमोजिमको बोलपत्र स्वीकृत गरि उक्त कार्य कार्यन्वयन गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.सं. | ठेक्का न. | छनोट भएको बोलपत्रदाताको नाम | कबोल रकम (With VAT & PS) | कैफियत |
|---|---|---|---|---|
| 1 | 10/Works/NCB/RM/079/080 | Siddhartha - P.K. J.V. | 2,61,96,740.17 | |

**प्रमुख प्रशासकीय अधिकृत**



मध्यान्ह
www.madhyanhadaily.com
१४ जेठ २०८०, आइतबार
28 May 2023, Sunday

सम्पादकीय

## बजेटबारे मनासिब सुझाव

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नीति तथा कार्यक्रमबारे परम्परागत शैली सुधार्ने आफ्नो पनि चाहना भएको बताए । शनिबार नीति तथा कार्यक्रममाथि चलेको छलफलमा प्रधानमन्त्री प्रचण्डले परम्परागतशैली बदल्ने चाहना भएपनि तत्काल संभव नरहेको बताए । सांसदहरूले नीति तथा कार्यक्रममाथि दिएको सुझाव समेटेर बजेट ल्याउने प्रणाली विकसित गर्नुपर्ने सुझाव दिएका थिए । राष्ट्रपतिले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि सांसदहरूले छलफल गरेपनि जस्ताको त्यस्तै पारित गर्ने शैलीप्रति यसपटक सत्तारूढ सांसदहरूले नै प्रश्न उठाए । छलफलको कुनै औचित्य नरहने भएकाले यस्तो शैली बदलिनुपर्ने सांसदहरूको सुझावलाई ग्रहण गर्नेमा प्रधानमन्त्री सकारात्मक रहेको बताए । तर यस्तो सुझाव यसपटक मात्रै उठेको होइन । यसअघि पनि यस्तै सुझाव आउने भएपनि संसदमा पेश भएको हप्ता वा दश दिनभित्रै छलफलको औपचारिकता पूरा गरेर पारित हुने गरेको छ ।

उसोत बजेट निर्माण प्रक्रियाप्रति नै सांसदहरूको सधैं टिप्पणी हुने गरेको छ । कतिसम्म भने सरकारले ल्याउने बजेट कर्मचारी बनाउने गरेको टिप्पणी सामान्यजस्तै छ । योजना आयोगले खाका पठाउने, त्यसमा मन्त्रालयगत रूपमा कर्मचारीले भरेर पठाउने अनि संसदबाट अनुमोदन हुने पद्दतिलाई सांसदहरूले कहिल्यैपनि समर्थन गरेको देखिदैन । बरू उल्टै सांसदहरूले मन्त्रालयका कर्मचारी आफ्नो योजना छनोट गरिदिन निवेदन पेश गर्ने प्रवृत्ति लुकेको छैन । कर्मचारीले परम्परागत शैलीमा बजेट निर्माण गर्ने र त्यसलाई जनप्रतिनिधिबाट अनुमोदन भएपछि वार्षिक कार्यक्रम बन्ने गरेको छ । बजेट आफैमा कर्मचारीले बनाउँछन् भन्ने तर्कका अगाडि नीति तथा कार्यक्रमको सैद्धान्तिक पक्ष सांसदहरूको विवेक र विवेचनाबाट आउँछ भन्न सकिदैन ।

यस्तो तथ्य अहिलेका प्रधानमन्त्री र मन्त्रीहरूलाई मात्रै नभएर सांसदहरूलाई पनि थाहा छ । त्यसैले उनीहरूले नीति तथा कार्यक्रममाथि हुने छलफलको औचित्यमा प्रश्न उठाएका हुन् । तर त्यसलाई परिमार्जन गर्न सक्ने सामर्थ्य राजनीतिक नेतृत्वले राख्न नसक्नुको मुख्य समस्या फेरि पनि राजनीतिक अस्थीरता हो । बिगतका कतिपय सरकार बजेट आउनु केही समय अगाडि मात्रै बन्ने गरेको छ भने कतिपय सरकार बजेट अनुमोदन समेत गराउन नसक्ने अवस्थामा देखिने गरेको छ । यस्तो राजनीतिक अस्थीरताका कारणले गर्दा मुलुकको मूल प्रवृत्ति परिवर्तन हुन सकेको छैन । यद्यपि राजनीतिक व्यवस्था नै परिवर्तन गराउन सक्ने सामर्थ्य राजनीतिक नेतृत्वले बिगतमा देखाएका थिए । तसर्थ अहिले उठेको मनासिब टिप्पणीलाई आधार मानेर बजेट निर्माण प्रक्रियामा सुधार हुन सक्छ । त्यसको सर्त भनेको राजनीतिक स्थीरता र नेतृत्वमा आवश्यक तत्परता हो ।

# गणतन्त्रले ल्याएको परिवर्तन

अग्रलेख



● नेत्र सुवेदी 'प्रयास'

नेपालमा गणतन्त्र स्थापना भएको १५ वर्ष पूरा हुँदैछ । यसबीचमा शान्ति स्थापनाका काम निष्कर्षमा पुग्नुको साथै परिवर्तनको दह्रो प्रमाणका रूपमा जननिर्वाचित संविधानसभाबाट तयार भई जनताको संविधान लागू भएको छ । देशको शासकीय संरचना र शासन सञ्चालन विधि एवम् नागरिक अधिकारका दृष्टिले वर्तमान संविधान एक आमूल परिवर्तनको दस्ताबेजसमेत हो । पटक-पटक भएका आन्दोलनबाट प्राप्त उपलब्धिस्वरूप हाम्रो मुलुक लोकतान्त्रिक गणतन्त्रात्मक र संघीय शासकीय ढाँचा अभ्यास गर्ने अवस्थामा पुगेको छ । नयाँ शासकीय संरचनाको अभ्यासबाट केही राम्रा परिणाम आएका छन् । केही सुधारका गुञ्जायस पनि होलान् । तर, प्रणाली सञ्चालनमा रहेका कमजोरीलाई लिएर व्यवस्थामाथि नै प्रहार हुनु भने राम्रो होइन ।

स्थानीय तहको गत वर्षको निर्वाचनबाट झण्डै ४१ प्रतिशत प्रतिनिधि महिला निर्वाचित भएका छन् । प्रशासनिक क्षेत्रमा अगुवा सेवाको रूपमा रहेको निजामती सेवामा गरिएको समावेशीकरणको कानुनी व्यवस्थाअनुरूप हालसम्मको पदपूर्तिसमेतका आधारमा जम्मा निजामती कर्मचारीमध्ये झण्डै २७ प्रतिशत महिला रहेको अभिलेखले देखाएको छ ।

जनजाति, दलित, मधेशी, अपाङ्गता भएका र पिछडिएको क्षेत्रका व्यक्ति प्रशासनमा प्रवेश गर्ने क्रम बढेर गएको छ । राजनीतिक र प्रशासनिक जगतमा नेपाली समाजको चित्रण देखिन थालेको छ । वास्तवमा यो उपलब्धि भनेको १० वर्षे जनयुद्ध, २०६२/६३ को संयुक्त आन्दोलन र त्यसपछि संघीयताका लागि भएको आन्दोलन एवम् संविधानले गरेको रूपान्तरणकारी व्यवस्थाअनुसार हालसम्मको कार्यान्वयनको परिणाम हो । अझ भनौं यो उपलब्धि गणतान्त्रिक नेपालले हासिल गरेको परिणाम हो ।

दशवर्षे जनयुद्ध, २०६२/६३ को जनआन्दोलनको परिणामस्वरूप मुलुकमा लोकतन्त्र स्थापित भएसँगै जारी भएको अन्तरिम संविधानले विस्तृत शान्ति सम्झौताका विषयहरूका साथै समानुपातिक प्रतिनिधित्वको विषय समेटेको थियो । संविधानसभाको निर्वाचन गर्ने र निर्वाचित प्रतिनिधिबाट जनइच्छाबमोजिम संविधान जारी गर्ने प्रमुख जनादेश रहेको अन्तरिम संविधानको मर्मअनुसार निजामती सेवालगायत सार्वजनिक सेवामा समावेशी प्रबन्धलाई समेट्ने काम गऱ्यो । उक्त प्रावधानकै कारण प्रशासनमा नेपाली समाजको विविधतायुक्त चित्र देखिन थालेको छ । त्यसैगरी न्यूनतम ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने राजनीतिक अठोटका कारण प्रतिनिधित्व बढ्दै गएको छ । नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषणा गर्दै विविध नयाँ व्यवस्था समेटेको नेपालको संविधानले गरेको व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहको निर्वाचन दोस्रोपटक सम्पन्न भई समानुपातिक प्रणालीसहितको प्रतिनिधित्व र विविधतासहितको नेतृत्व विकास र विभिन्न तहका जनताबीच विकास र समाजसेवाको अवसर प्राप्त पनि गरेका छन् । यति मात्र होइन, जनताको नजिक सेवा प्रदायक निकाय पुगेका छन्, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासका लागि स्रोतको मात्र हैन विधि बनाउने, कार्यान्वयन गर्ने र जनशक्ति परिचालन गर्ने अधिकारसमेत विकेन्द्रित भएको छ ।

संविधानमा पहिलो पटक राष्ट्रिय हितका तत्व र नागरिकले पूरा गर्नुपर्ने दायित्व मात्र उल्लेख छैनन् कि अधिकारमुखी दृष्टिकोणबाट थप १० मौलिक हक साबिकका प्रावधानमा थप गरिएका छन् । मौलिक हक कार्यान्वयनका लागि आवश्यक ३०० भन्दा बढी कानुन बनेका छन् र कतिपय कानुन संशोधन भएका छन् । यी विषयलाई पनि गणतन्त्र प्राप्तिपछिको उपलब्धि मान्न सकिन्छ । नेपालगन्जस्थित मुस्लिम समुदायको साधारण परिवारमा हुर्केकी र पढाइमा अब्बल मोहना अन्सारीले राज्य संरचनामा पूरै एक दशक सेवा गरिन् । चार वर्ष राष्ट्रिय महिला आयोगको सदस्यका रूपमा र छ वर्ष राष्ट्रिय मानवअधिकार आयोगको आयुक्तका रूपमा । दुवै जिम्मेवारी महत्वपूर्ण थिए र उनको भूमिकामा उनले राम्रो प्रभाव छोड्न सकिन् । उनका अनुसार नेपाली महिलाले पनि हरेक विषय क्षेत्रमा आफूलाई सबल प्रमाणित गरिसकेका छन् । उनकै प्रसङ्गमा पूर्व अमेरिकी राजदूत र्याण्डी बेरीले एकपटक भनेका रहेछन् "मोहना जी तपाइँ चकित पर्नुहुन्छ होला, मैले बाँकेका मदरसा घुम्दा विद्यार्थी बालबालिकालाई भविष्यमा के बन्ने इच्छा छ भनी सोधेको थिएँ । उनीहरूले हामी त मोहना अन्सारी जस्तो बन्ने पो भने ।" यो प्रसङ्गबाट पनि मोहनाले आफ्नो समुदायमा राम्रै छाप छाड्न सफल भएको पुष्टि हुन्छ ।

सामाजिक परिसूचकमा भएका उपलब्धिलाई तुलनात्मकरूपमा हेरौं ।




*जनजाति, दलित, मधेशी, अपाङ्गता भएका र पिछडिएको क्षेत्रका व्यक्ति प्रशासनमा प्रवेश गर्ने क्रम बढेर गएको छ । राजनीतिक र प्रशासनिक जगतमा नेपाली समाजको चित्रण देखिन थालेको छ । वास्तवमा यो उपलब्धि भनेको १० वर्षे जनयुद्ध, २०६२/६३ को संयुक्त आन्दोलन र त्यसपछि संघीयताका लागि भएको आन्दोलन एवम् संविधानले गरेको रूपान्तरणकारी व्यवस्थाअनुसार हालसम्मको कार्यान्वयनको परिणाम हो ।*

गणतन्त्र स्थापना हुनुभन्दा अघिल्लो वर्ष नेपालभर रहेका जिल्ला अस्पताल वा सो भन्दा ठूला अस्पतालको संख्या जम्मा १०२ वटा रहेकामा २०७९ सालमा यो संख्या २०१ पुगेको छ । स्वास्थ्य सेवाका मुख्य आधारका रूपमा रहेका चिकित्सक डाक्टरको संख्या सोही अवधिमा १६२७ बाट बढेर ३० हजार एक सय ३३ पुगेको छ । यो भनेको १८ गुणाभन्दा बढी हो । त्यस्तै २०६४-२०७९ को अवधिमा नेपालीको सरदर आयु ६४ वर्षबाट ७२ वर्ष पुगेको, बाल मृत्युदर प्रतिहजारमा ४८ बाट २८ मा घटेको, पाँच वर्षमुनिका शिशु मृत्युदर प्रतिहजारमा ६१ बाट ३३ मा झरेको तथ्यांकले देखाएको छ ।

अस्पताल वा स्वास्थ्य संस्थामा गई बच्चा जन्माउने प्रवृत्तिलाई नियाल्दा यस्तो प्रतिशत १८ बाट ७९ पुगेको छ । यसैगरी शिक्षातर्फका मुख्य तथ्यांकलाई तुलना गरेर हेर्ने हो भने साक्षरता दर २०६४ सालमा ६१ प्रतिशत रहेकोमा २०७९ मा ७६ प्रतिशत पुगेको छ भने प्राथमिक, आधारभूत र माध्यमिक गरी तीनवटै तहका विद्यालयको संख्या बढेको छ । प्राथमिक तहमा भर्ना दर २०६४ सालको ९५ प्रतिशतबाट बढेर ९७ प्रतिशत पुगेको छ र १२ कक्षा सम्मकै विद्यार्थीको संख्या छात्रभन्दा छात्रा बढी छ । यी विषयलाई सामाजिक क्षेत्रमा कुँदिएको गणतन्त्रकालको सुन्दर तस्बिर भनेर दाबी गर्न मिल्छ ।

देशको आर्थिक विकास र वित्तीय व्यवस्थापनको क्षेत्रमा पनि थुप्रै सुधारका प्रयासहरू भएका छन् । सडक, पुल, भवन, जलविद्युत् योजना, विमानस्थल, सिँचाइ नहर, केबुलकार, सुरुङ्गमार्गको निर्माण पनि अघि बढेका छन् । विसं २०६४ मा रु ३७ हजार रहेको प्रतिव्यक्ति आय २०७९ मा आएर रु १८ हजार २०० पुगेको छ । गरिबी निवारणलाई मापन गर्ने बहुआयामिक गरिबी दर सन् २०१४ मा २८।६ प्रतिशत जनसंख्या गरिब देखाएकामा हाल यो प्रतिशत घटेर १७.४ मा झरेको छ ।

त्यस्तै, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले विश्वव्यापीरूपमा प्रयोगमा ल्याएको मानव विकास सूचकांकबाट हेर्दा नेपालको सूचकांक सन् २०१० मा ०.४२३ रहेकोमा सुधार भई हाल ०.६०२ पुगेको छ । त्यस्तै लैङ्गिक असमानता सूचकांक विसं २०६४ मा ०.७१६ रहेकामा विसं २०७९ मा यो अंक घटेर ०.४५२ मो ओर्लेको छ । लगानी वातावरणको संकेत गर्ने सूचकका रूपमा लिइने डुइङ विजिनेस प्रतिवेदन २०२० ले नेपालको स्थान अघिल्लो पटकको ११०औँ बाट सुधार भई ९४ मा ओर्लेको देखाएको छ । यो बाहेक अन्य सूचक जस्तो कि मानव विकास प्रतिवेदन, भ्रष्टाचार नियन्त्रण र पारदर्शितासम्बन्धी सूचकांक, विश्व नवप्रवर्तन सूचकांकका पछिल्ला संस्करणहरूले नेपालको स्थान सुदृढ भएको देखाएका छन् ।

यातायात विकासको पाँच वर्षे रणनीतिक योजना (२०७३-२०७८) ले राष्ट्रिय राजधानीलाई प्रदेश राजधानीसँग कमसेकम एक/एकवटा चार लेन सडकले जोड्ने तथा भारत र चीन जोड्ने पाँच राजमार्ग, पूर्व-पश्चिम राजमार्गबाहेक पूर्व-पश्चिम जोड्ने थप तीन मार्गको निर्माण र ७५ वटै जिल्ला सदरमुकाममा सडक निर्माण गर्ने लक्ष्य लिएकोमा अधिकांश लक्ष्य पूरा भएका छन् र हुम्ला जिल्ला सदरमुकाम यही वर्ष राष्ट्रिय सडक सञ्जालमा जोडिँदै छ । सडक विभागको तथ्यांकअनुसार २०६४ सालमा पाँच हजार ४०२ किलोमिटर रहेको पक्की सडक २०७८ सालमा १६ हजार ६१४ किमी पुगेको छ भने पक्की, कच्ची र ग्राभेल गरी सडकको लम्बाई ३३ हजार ७१६ किलोमिटर पुगेको छ ।

ऊर्जा प्रयोगको अवस्थालाई नियाल्दा विद्युत् पहुँच पुगेका घरपरिवार २०६४ सालमा ५६ प्रतिशत रहेकोमा २०७८ सालमा यो प्रतिशत ९२ पुगेको देखिन्छ । त्यस्तै शौचालयको प्रयोग गर्ने घरपरिवारको प्रतिशत ४९ प्रतिशतबाट दोब्बरले बढेर ९६ प्रतिशत पुगेको छ । ऊर्जाको उत्पादन मात्र होइन, बहुआयामिक प्रयोगका साथै बचत हुन जाने ऊर्जा निर्यात समेत गरी आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउने गरी काम भइरहेका छन् । यसैगरी दूरसञ्चार पूर्वाधार र सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा पनि द्रुतगतिमा कामहरू भइरहेका छन् । विसं २०७२ को महाभूकम्पपछिको प्रतिकार्य, पुनःनिर्माण र पुनःस्थापनाको सवाल होस् वा कोभिड-१९ को प्रभावकारी व्यवस्थापनको विषय नै किन नहोस् सिङ्गो देश र प्रदेश तथा स्थानीय तहहरुले पनि आ-आफ्नो क्षेत्रका र सहकार्य समेत गरी राम्रो नतिजा निकालेको निष्कर्ष छ ।

त्यस्तै, स्थानीय आर्थिक विकासको मामिलामा र सेवा प्रवाहमा सुधारका लागि धेरै स्थानीय तहहरू सिकाइकै चरणमा अब्बल प्रमाणित भएका छन् । खराबीलाई झाँगिन नदिने र स्थानीय सम्भावनाको बढीभन्दा बढी प्रयोग गर्दै वातावरणमैत्री हिसाबले विकासका क्रियाकलाप अगाडि बढाउने स्थानीय तहहरुले सिङ्गो मुलुक निर्माणमा योगदान गरिरहेका छन् । सफल हुनेबाट अरूले समेत सिक्न जरुरी छ । गणतन्त्रको स्कोर कार्ड राम्रै छ तर उत्कृष्ट भने छैन । पूर्वाधार तयार हुनु, संरचना विस्तार हुनु, अस्पताल र वृद्धाश्रम धेरै खुल्नु मात्र पनि विकास होइन ।

वास्तविक विकास त उत्पादकत्व बढ्नु, जीवनस्तर सुध्रनु, स्वास्थ्य अवस्थामा जोखिम कम हुन गई औसत आयु बढ्नु तथा सामाजिक सद्भाव थप कसिलो हुँदै जानु जस्ता परिणामसँग सम्बन्धित छ । तसर्थ, अब हुने विकास निर्माणका क्रियाकलापले जनताको जीवन, आय र सामाजिक सम्बन्धमा के कस्तो फरक ल्याउन सक्यो भनेर हेर्न जरुरी छ । बहुआयामिक गरिबी मापन, मानव विकास प्रतिवेदनले केही हदसम्म यी विषयलाई विश्लेषण गरेको पनि पाइन्छ । गणतन्त्र स्थापनापछि प्रतिनिधित्वमा विविधता देखिए जस्तै नेपालीको समग्र उत्पादन क्षमता, लगानीयोग्य आय र मुलुकको शासकीय क्षमतामा समेत महसुस हुनेगरी सुधार आवश्यक छ । सडकको लम्बाई र गुणस्तर, ऊर्जा सुरक्षा, मानवीयता, नागरिकमा देखिएको सचेतना जस्तै सबै क्षेत्रमा दक्षता, प्रभावकारिता बढ्नु आवश्यक छ । यी विषय हासिल हुनका लागि सुशासन र विकासमा निरन्तर एवम् इमान्दार प्रयत्न र अनुशासन आवश्यक छ ।

केही अपवादयुक्त खराब नतिजालाई लिएर सिङ्गो मुलुकको बृहत् रूपान्तरणलाई स्वीकार गर्न आनाकानी गर्नु उपयुक्त होइन । लोकतान्त्रिक गणतन्त्र र संघीयतालाई नागरिकमैत्री बनाई मुलुकको समृद्धि र समुन्नतिको ढोका खोल्नको लागि गणतन्त्र दिवस, २०८० ले हामी सबैलाई प्रेरणा देओस् यही शुभकामना ।

***(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुन् ।)***

## सामाजिक सञ्जाल



**- विराज भक्त श्रेष्ठ**

महाकाली कुन सिद्धान्तले बेचेको ? नक्कली भुटानी शरणार्थी बनाएर बेच्ने कुन सिद्धान्त हो ? माटो र मान्छे बेच्ने कस्तो राजनीतिक सिद्धान्त ? भो त्यस्तो तपाईंको जस्तो बौद्धिक बिलासितावाला, देश बेच्ने सिद्धान्तभन्दा त हाम्रो माटो सुहाउँदो सिद्धान्त नै ठीक छ । अझै हाम्रो सिद्धान्त छैन रे !



**- बसन्त घिमिरे**

पुशपतीको कुरा उठेछ । नेपालमा सबैभन्दा सुनलगायतका बहुमूल्य धातुहरूको तस्करी र भष्ट्रचार धार्मिक स्थलहरूलाई माध्यम बनाएर हुन्छन् भन्दा आश्चर्य नमाने हुन्छ । अनुसन्धान गरौं मठ, मन्दिर, चैत्य, विहार, स्तुपा, चर्च, मस्जितको छत्र छाँयामा ठग र पापीहरूको हुल भेटिन्छ ।



**- विश्वरसिंह मेवाहाङ**

आज जसले पशुपतिको जलहरी काण्डको कुरा उठाए, त्यो एकदम सही छ । तर जतिबेला पशुपतिमा जलहरी लगाइँदै थियो, त्यो बेला आरोप लगाउने माननीय र माननीयको पार्टी पनि सरकारमा थियो । जलहरी काण्ड सत्य हो भने आरोप लगाउने माननीय पनि यसको भागिदार हो । त्यसैले निश्पक्ष छानबिन होस् ।



**- आदित्य दाहाल**

एमाले भ्रष्टाचार शब्दसँग किन यति धेरै तर्सिन्छ ? पशुपतिनाथमा सुनको जलहरी लगाउँदा भ्रष्टाचार भयो भनेर कसैले प्रश्न उठायो भने त्यसको तत्काल छानबिन गरौं, छानबिनमा सहयोग गर्छु भन्ने हो कि संसद् बैठक नै अवरुद्ध गर्ने हो ? दोषी देखिए कारबाही गरियोस् भन्ने हो ?

# 'लैङ्गिक हिंसा अन्त्यका लागि स्वयम् महिला सशक्त हुनुपर्छ'



नेपालको कानूनले महिलामाथिको हिंसालाई दण्डनीय मानेतापनि लिङ्गकै आधारमा महिलामाथि हुने विभेद भने हट्न सकेको छैन । जसले गर्दा महिलामाथि कुटपिट गर्ने, बलपूर्वक गर्भपतन गर्न लगाउने, अङ्गभङ्ग गर्ने, थुन्ने, जलाउने, बलात्कार र हिंसाका घटना लगातार बाहिर आइरहेका छन् । विश्वमा हरेक तीन जना महिलामध्ये एक जनाले कुनै न कुनै प्रकारको हिंसा भोग्ने गरेको विभिन्न अध्ययनले देखाउने गरेको छ । सँगै हिंसामा संलग्न पीडक व्यक्ति पीडित महिलाको आफन्त, नातेदार तथा चिरपरिचित हुने गरेको प्रहरीको तथ्यांकले पनि देखाउँछ । समाज साक्षरता र ज्ञानको हिसाबले अघि रहेपनि पितृसत्तात्मक सोँच र परम्परागत मानसिकतामा परिवर्तन आउन नसक्दा महिलालाई हेर्ने दृष्टिकोण नबदलिएको धेरैको बुझाई छ । कानूनले हिंसालाई दण्डनीय मानेपनि महिलामाथिको विभेद बढिरहनुको कारण र समाज सुधारका उपायमा केन्द्रित रहेर महिला अधिकारकर्मी **डा. रेणुका सोलु**सँग गरिएको संवादको सम्पादित अंश :

**अन्तर्वार्ता | डा. रेणुका सोलु**
महिला अधिकारकर्मी

**महिला हिंसा के हो ? पछिल्लो समय महिला हिंसाका घटना बढेको हो कि वा चर्चामा बढी आएको हो ?**

लैङ्गिक आधारमा शारीरिक, मानसिक, सामाजिक साँस्कृतिक, आर्थिक तथा यौनिकरूपमा असर पर्ने गरी हुने हिंसा नै लैंगिक हिंसा हो । मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा एकले भन्छ- सबै नागरिक जन्मजात र मर्यादा तथा अधिकारमा समान हुन्छन् । तर बिडम्बना नेपाल मात्रै हैन विश्वका कुनै पनि देश महिला हिंसा मुक्त हुन सकेका छैनन् । विभिन्न स्थानमा हुने यौनजन्य हिंसासँगै घरमा, कार्यस्थलमा हुने हिंसासम्बन्धी कानुन राज्यले निर्माण गरेपनि कडा कारबाही भने हुनसकेको छैन ।

तपाईंले भनेजस्तै, अहिलेमात्रै महिलामाथिको हिंसा बढेको होइन, पहिला पनि घटना हुन्थे । समाजको डर, सचेतनाको कमी र गुपचुप राख्ने प्रवृत्तिले धेरै कम विभेदका घटना मात्रै बाहिर आउँथे । तर, अहिले भने तुलनात्मकरूपमा हिंसाका विरुद्धमा बोल्ने छोरीचेलीको संख्या बढी छ । तसर्थ, घटनाहरु घटेपछि बाहिर आउँछन् । तर अहिलेपनि सकेसम्म हिंसा दबाउन खोज्ने र इज्जतको डरले हिंसा सहेरै बस्ने प्रवृत्तिमा भने कमी आउन सकेको छैन ।

**नेपालमा महिला हिंसालाई दण्डनीय अपराध मानिन्छ, हिंसालाई रोकथाम गर्न कानून पनि बनिरहेकै छन् तर पनि किन हिंसा न्यूनीकरण भएको छैन ?**

हामीले बुझ्नुपर्छ हिंसा भनेको कानून बनाएर मात्रै रोकिने होइन । समाजमा जस्तोसुकै परिवर्तन भएपनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुने हिंसाका घटनामा कमी आउन सकेको छैन । महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापित गरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टो प्रथा, बाल तथा अनमेल विवाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसाविरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिला हिंसाविरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडा कारबाही हुने हो भने मात्रै विद्यमान कानूनको महत्व हुन्छ । अन्यथा, नामको कानून र दोषीलाई भने कारबाही नहुने अवस्था भयो भने त्यसको कुनै महत्व रहँदैन ।


**महिला हिंसा रोकथामका लागि के गर्नुपर्छ ?**

महिला आर्थिक र सामाजिकरूपमा सशक्त नहुँदासम्म उनीहरूमाथि परिवार र समाजका सदस्यले हिंसा गर्ने अवस्थाको अन्त्य हुनसक्दैन । त्यसका लागि महिलालाई शिक्षा र रोजगारीका अवसर मिलाउन सरकारले पहल गर्नुपर्ने देखिन्छ । महिला हिंसा न्यूनीकरणका लागि संघ संस्थाले जागरण अभियान चलाएपनि ती सहरका सदरमुकाममा मात्र केन्द्रित छन् । त्यसलाई गाउँगाउँसम्म पुऱ्याउनु जरुरी छ । घर, कार्यस्थल र समुदायमा महिलाको आत्मसम्मान बढाउन र उनीहरूलाई समानताका आधारमा व्यवहार हुनुपर्दछ ।

कार्यालयमा महिला कर्मचारी, विद्यालयमा शिक्षिका, स्वास्थ्य क्षेत्रमा काम गर्ने महिला स्वास्थ्यकर्मी र श्रमिक महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनसके महिला हिंसाका घटनामा कमी आउनसक्ने मेरो बुझाई छ । त्यस्तै, महिलाको मुद्दा आएपछि धेरै पुरुषहरु मौन बस्ने प्रवृत्ति पनि देखिन्छ, यसलाई हटाएर हिंसाको विरुद्धमा सबै एकजुट हुनु अपरिहार्य छ । त्यस्तै, बालविवाहलाई समाजले अपराधका रूपमा नलिएर परम्परा र चलनको रूपमा स्वीकार गरेकाले हिंसा न्यूनीकरण असर पुगेको देखिन्छ । तसर्थ, हिंसा घटाउन कानूनी भन्दापनि सामाजिक चेतनास्तर र मनोविज्ञानमै परिवर्तन हुनु अपरिहार्य देखिन्छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | राजकीय कार्यमा वृद्धि हुनेछ । नयाँ सम्पर्क बढ्नेछ । |
| वृष | : | रचनात्मक कार्यमा सफलता मिल्नेछ । मनोरञ्जनात्मक कार्यमा सहभागिता हुनेछ । |
| मिथुन | : | कार्य सफल हुनेछ । नौलो कार्यमा प्रगति हुनेछ । |
| कर्कट | : | प्रतिष्ठामा वृद्धि हुनेछ । राम्रो आय प्राप्त हुनेछ । |
| सिंह | : | शत्रु कमजोर हुनेछन् । वाणी संयम र धैर्य जरुरी छ । |
| कन्या | : | स्वास्थ्य लाभ हुनेछ । विधार्थीहरुको कार्यमा प्रगति हुनेछ । |
| तुला | : | विनम्रतासित कार्य गर्न राम्रो हुनेछ । सन्तान सुखमा वृद्धि हुनेछ । |
| वृश्चिक | : | धार्मिक कार्यमा खर्च हुन्छ । शैक्षिक कार्यमा प्रगति हुनेछ । |
| धनु | : | पारिवारिक सदस्यमा वृद्धि हुनेछन् । आवश्यक वस्तु हराउन सक्छ । |
| मकर | : | राजनैतिक सहयोग प्राप्त हुनेछ । व्यवसायमा लाभ मिल्नेछ । |
| कुम्भ | : | लापरबाहीले गर्दा अशान्ति र रुकावटको योग छ । स्वास्थ्य सामान्य रहनेछ । |
| मीन | : | नौलो कार्य प्रारम्भ हुनेछ । पारिवारिक उल्झन तनावमा वृद्धि हुनेछ । |



*आचार्य श्री वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टनेशनल एस्टोलोजिकल फोरम*
*सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# मलाई अझ परिश्रम गर्ने ऊर्जा प्राप्त भएको छ : मोदी



**काठमाडौं/एजेन्सी-** प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय नागरिकबाट प्रास्त स्नेह र सद्भावले राष्ट्रका निम्ति अझ परिश्रम गर्ने उऊर्जा प्रान्त भएको बताएका छन् । भारतको प्रधानमन्त्रीका रूपमा आफ्नो नौ वर्ष पूरा भएको अवसरमा उनले जनताबाट प्राप्त प्रतिक्रियाप्रति कृतज्ञता व्यक्त गर्दै त्यसो भनेका हुन् ।

उनले बिहानैदेखि सरकारको बारेमा गरिएको प्रशंसा आफ्ना लागि स्नेह भएको र त्यसले आफूलाई ऊर्जा दिएको उनले सामाजिक सञ्जालमा लेखेका छन् । प्रधानमन्त्री मोदीको नेतृत्वमा भारतीय जनता पार्टीको सरकारले यही जेठ १६ गते दुई कार्यकालको नौ वर्ष पूरा गर्दैछ । यस अवसरमा भारतीय जनता पार्टीले सोही दिनदेखि एक महिनासम्म देशभर ५० स्थानमा विशेष सभा एवम् ¥याली गर्नेछ । केही कार्यक्रमलाई प्रधानमन्त्री मोदीले सम्बोधन गर्नेछन् ।

भारतीय जनता पार्टीका अनुसार ती सभा तथा ¥यालीलाई आगामी लोकसभा चुनावको तयारीमा केन्द्रित हुनेछन् । लोकसभा निर्वाचन करिब एक वर्षपछि हुँदैछ । सबैभन्दा ठूलो ¥याली राजस्थानको अजमेरमा हुनेछ जसलाई प्रधानमन्त्री मोदीले सम्बोधन गर्नेछन् ।

विशेष सभा र ¥यालीमा भाजपाका राष्ट्रिय अध्यक्ष जेपी नड्डा, केन्द्रीय गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह र अन्य शीर्ष नेता सहभागी हुनेछन् । नरेन्द्र मोदीले सन् २०१४ को मे २६ मा पहिलो पटक प्रधानमन्त्रीको शपथ लिएका थिए भने उनले सन् २०१९ को मे ३० मा दोस्रो कार्यकालको शपथ लिएर भारतको सरकार प्रमुखका रूपमा शासन सञ्चालन गरेका थिए ।

## नौ हजार बढी अफगानीद्वारा शरणका निम्ति आवेदन

**काठमाडौं/एजेन्सी-** एक महिनाको अवधिमा नौ हजारभन्दा बढी अफगानीले युरोपेली संघमा शरणका लागि आवेदन गरेका पाइएको छ । युरोपेली जनगणना ब्युरोका अनुसार गत महिनामा नौ हजारभन्दा बढी अफगान नागरिकले संघका सदस्य राष्ट्रमा शरणका लागि आवेदन गरेका पाइएको छ । कुनै एक देशबाट शरणका निम्ति आवेदन गरिएको यो अभिलेख अहिलेसम्मकै उच्च हो । चालु वर्षको प्रारम्भमा नै संघका सदस्य राष्ट्रमा शरणार्थीको चासो गत वर्षको तुलनामा ४० प्रतिशतले बढेको छ । गत बिहीबार मासिक प्रतिवेदन सार्वजनिक गर्दै युरोपेली जनगणना ब्यूरोले फेब्रअरीमा मात्रै ७६ हजार पाँच सय व्यक्तिले संघका सदस्य देशमा शरणका लागि आवेदन बुझाएके र गत वर्षको तुलनामा ४० प्रतिशतले वृद्धि भएको जनाइएको छ ।


Zero Cost Recruitment Oppurtunity For Malaysia!!

**शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी: **BETTERFILL SDN.BHD** शहर: Malaysia, Johor
पूर्व स्वीकृत मिति: २०७९/04/30 चलानी नं.: ६०१८४७५६ LT. No.:268859 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 32 | 0 | स. काममा दक्ष | 1500 | ४२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: **BRIGHT PACKAGING INDUSTRY BERHAD** शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७९/०७/०८ चलानी नं.: ६०१९००४७ LT. No.:274298 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २१ गते (4 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Reva Overseas Pvt. Ltd.**
Sinamangal -9, Kathmandu, Phone : 4591430
Govt Lic. NO. 1070/073/074
E-mail : info@revaoverseas.com.np, Web.: www.revaoverseas.com.np



# Infrastructure Development Office
**Khalanga, Jajarkot, Nepal**

## Invitation For Online Sealed Quotations

**Date of publication: 2080/02/14 (28 may, 2023), IFB No.: 07/IDO/JKT/079-80**

1. Infrastructure Development Office(IDO) invites Online sealed quotations for the construction of for the construction of works given in table below.

| S.N. | Contract Identification (ID) No. | Description of Works | Estimated Amount (without VAT and PS) NRs | Bid Security Amount (NRs) | Bid validity/Bid Security Period/Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDO/JKT/W/SQ/01/079-80 | Construction of Tajachaur dekhi Tarechaur Samma Sadak Nirman (package 1) | 12,50,830.85 | 40,000 | 45/75/1000 |
| 1 | IDO/JKT/W/SQ/02/079-80 | Construction of Tajachaur dekhi Tarechaur Samma Sadak Nirman (package 2) | 16,39,745.06 | 50,000 | 45/75/5,000 |

Information to deposit the Cost of Bidding Document in Bank :
Name of the Bank : Nepal Bank Limited, Jajarkot
Name of Office : Infrastructure Deveolpment Office, Jajarkot (Dharauti khata)
Office Code no. : 3370166016
Office Account no. : 27502000001001000001

Information to deposit the Bid-Security Amount Name of the Bank :
Name of the Bank : Nepal Bank Limited, Jajarkot
Account name : Pardesh Lekha iekai Karyalaya, Jajarkot, kha 3
Account No : 07502000002003000001
Revenue Head no. :14229

2. Electronic Bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp. On or before June 12, 2023 (2080/02/29) at 12:00 0'clock. Bids received after this deadline will be rejected.
3. The Bids will be opened in the presence of Bidders' representatives who choose to attend June 12, 2023 (2080/02/29) at 13:00 0'clock at Infrastructure Development Office, Jajarkot, Nepal.
4. Other related rules and regulations will be as per Public Procurement Act-2063 and Public Procurement Regulations-2064 with recent amendments.
5. Employer Address:
The employer is : Infrastructure Development Office, Jajarkot
Telephone : 089-430340 , E-mail Address : idojajarkot@gmail.com

**Office Chief**



# Infrastructure Development Office
**Khalanga, Jajarkot, Nepal**

## Invitation For Bids

**Date of publication: 2080/02/14 (28 may, 2023), IFB No.: 06/IDO/JKT/079-80**

1. Infrastructure Development Office (IDO) Jajarkot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification (ID) No. | Description of Works | Estimated Amount (without VAT and PS) | Minimum Average annual Construction Turnover of best 3 years within the Last 10 years | Minimum Work experience: Similar Size and Nature | Minimum Work experience: Key Activity | Bid Security Amount | Bid validity/ Bid Security Period/Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | IDO/JKT/W/NCB/21/079-80 | Construction of Khurpa Khola Pakki Pul | N/A | NRs. 28.1 Millions | at least One (1) Contract within the last ten (10) years, with a value of at least NRs 1,60,00,000 that have been successfully or are substantially completed and that are similar to the proposed works. | At least 154 cum M45 grade concrete works in single contract | NRs. 9,50,000 | 90/120/5,000 |

Information to deposit the Cost of Bidding Document in Bank :
Name of the Bank : Nepal Bank Limited, Jajarkot
Name of Office : Infrastructure Deveolpment Office, Jajarkot
Office Code no. : 3370166016
Office Account no. : 27502000001001000001

Information to deposit the Bid-Security Amount Name of the Bank :
Name of the Bank : Nepal Bank Limited, Jajarkot
Account name : Pardesh Lekha iekai Karyalaya, Jajarkot, kha 3 (Dharauti khata)
Account No : 07502000002003000001
Revenue Head no. : 14229

2. Pre-bid meeting shall be held at: Infrastructure Development Office, Jajarkot on June 18, 2023 (2080/03/03), at 13:00 0'clock
3. Electronic Bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp. On or before June 27, 2023 (2080/03/12) at 12:00 0'clock. Bids received after this deadline will be rejected.
4. The Bids will be opened in the presence of Bidders' representatives who choose to attend June 27, 2023 (2080/03/12) at 13:00 0'clock at Infrastructure Development Office, Jajarkot, Nepal.
5. Bids must be valid for a period of mention in above table after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum of as mentioned in Table above which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Other related rules and regulations will be as per Public Procurement Act-2063 and Public Procurement Regulations-2064 with recent amendments.
8. Employer Address:
The employer is : Infrastructure Development Office, Jajarkot
Telephone : 089-430340, E-mail Address : idojajarkot@gmail.com

**Office Chief**



**एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना**

यस बैंक (साविक कञ्चन डेभलपमेन्ट बैंक लि.)को तपसिलमा उल्लेखित ऋणीहरूले लघुवित्त उद्यमशिलता कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाहरूको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा ब्यक्तिगत/सामुहिक जमानतकर्ताहरूको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत/सामुहिक जमानत दिनुहुने जमानतकर्ता महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

| क्र.स. | ऋणीको नाम र ठेगाना | जमानतकर्ताहरूको नाम र ठेगाना | |
|---|---|---|---|
| १. | **ऋणीको नामः कमली देवी चुनारा**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ११२(२०५९/०८/१२/डडेल्धुरा)<br>ससुराको नामः डुङरे चुनारा<br>पतिको नामः ठगी चुनारा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अजयमेरु गा.वि.स, वडा नं. ८ । | **१. बसन्ति धामी श्रेष्ठ**<br>ससुराको नामः दिल बहादुर श्रेष्ठ<br>पतिको नामः महेश कुमार श्रेष्ठ<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ ।<br>**३. ठगी चुनारा**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १११(२०५९/०८/१२/डडेल्धुरा)<br>बाजेको नामः धनी चुनारा<br>बाबुको नामः डुङरे चुनारा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अजयमेरु गा.वि.स, वडा नं. २ । | **२. गिता देवी नगरकोटी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ९०२ (२०४४/१०/१९/डडेल्धुरा)<br>ससुराको नामः शेर बहादुर नगरकोटी<br>पतिको नामः नर बहादुर थापा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । |
| २. | **ऋणीको नामः गिता देवी नगरकोटी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ९०२ (२०४४/१०/१९/डडेल्धुरा)<br>ससुराको नामः शेर बहादुर नगरकोटी<br>पतिको नामः नर बहादुर थापा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । | **१. बसन्ति धामी श्रेष्ठ**<br>ससुराको नामः दिल बहादुर श्रेष्ठ<br>पतिको नामः महेश कुमार श्रेष्ठ<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ ।<br>**३. नर बहादुर नगरकोटी**<br>बाजेको नामः देव नारायणा नगरकोटी<br>बाबुको नामः शेर बहादुर नगरकोटी<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ । | **२. कमली चुनारा**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ११२(२०५९/०८/१२/डडेल्धुरा)<br>ससुराको नामः डेङरे चुनारा<br>पतिको नामः ठगी चुनारा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अजयमेरु गा.पा.वडा नं. ८ । |
| ३. | **ऋणीको नामः जानकी बाहुन**<br>ससुराको नामः गोविन्द बाहुन<br>पतिको नामः खगराज बाहुन<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ । | **१. बसन्ति धामी श्रेष्ठ**<br>ससुराको नामः दिल बहादुर श्रेष्ठ<br>पतिको नामः महेश कुमार श्रेष्ठ<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ ।<br>**३. खगराज बाहुन**<br>ना.प्र.प.नः १९/१६१११<br>बाजेको नामः बालकृष्ण बाहुन<br>बाबुको नामः गोविन्द बाहुन<br>ठेगानाः डडेल्धुरा जिल्ला, भद्रपुर न.पा. वडा नं. ९ । | **२. गिता देवी नगरकोटी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ९०२ (२०४४/१०/१९/डडेल्धुरा)<br>ससुराको नामः शेर बहादुर नगरकोटी<br>पतिको नामः नर बहादुर थापा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ । |
| ४. | **ऋणीको नामः बसन्ती देवी पार्की**<br>ससुराको नामः टिका पार्की<br>पतिको नामः लोक बहादुर पार्की<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ८ । | **१. बसन्ति दमाई**<br>ससुराको नामः लालमनी दमाई<br>पतिको नामः रमेश ब. दमाई<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ८ ।<br>**३. लोक बहादुर पार्की**<br>ना.प्र.प.नः ५५७<br>बाजेको नामः विरुवा पार्की<br>बाबुको नामः टिका पार्की<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ८ । | **२. कौशील्ला पार्की**<br>ससुराको नामः छुडपे पार्की<br>पतिको नामः रमेश बहादुर पार्की<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ८ । |
| ५. | **बसन्ति दमाई**<br>ससुराको नामः लालमनी दमाई<br>पतिको नामः रमेश ब. दमाई<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ८ । | **१. बसन्ती देवी पार्की**<br>ससुराको नामः टिका पार्की<br>पतिको नामः लोक बहादुर पार्की<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ८ ।<br>**२. रमेश बहादुर दमाई**<br>बाजेको नामः देव दमाई<br>बाबुको नामः लाल मान दमाई<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ८ । | **२. कलावती देवी पार्की**<br>ससुराको नामः नरफान पार्की<br>पतिको नामः दान बहादुर पार्की<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ८ । |
| ६. | **सम्झना जैरू दमाई**<br>ससुराको नामः अमर बहादुर दमाई<br>पतिको नामः करन दमाई<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ४ । | **१. सिता देवी परियार**<br>ससुराको नामः राम बहादुर दमाई<br>पतिको नामः मोहन दमाई<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ४ ।<br>**२. करन दमाई**<br>बाजेको नामः मालु दमाई<br>बाबुको नामः अमर बहादुर दमाई<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । | **२. ललिता ऐर**<br>ससुराको नामः करविर सिहं एर<br>पतिको नामः नर बहादुर एर<br>ठेगानाः डडेल्धुरा जिल्ला, अजपमेरु न.पा. वडा नं. ४ । |
| ७. | **रविना दमाई**<br>ससुराको नामः राम बहादुर दमाई<br>पतिको नामः प्रविन दमाई<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ४ । | **१. ललिता देवी ऐर**<br>ससुराको नामः करविर सिहं एर<br>पतिको नामः नर बहादुर एर<br>ठेगानाः डडेल्धुरा जिल्ला, अजपमेरु न.पा. वडा नं. ४ ।<br>**३. हिक्मत दमाई**<br>७५१०१९(२०६५/११/२६/कञचनपुर)<br>बाजेको नामः लालमनी दमाई<br>बाबुको नामः चन्द्रे दमाई<br>ठेगानाः कञचनपुर जिल्ला, सुडा गा.वि.स, वडा नं. ५ । | **२. प्रभा कुमारी लोहनी**<br>ससुराको नामः काले कामी घिमीरे<br>पतिको नामः सुनिल घिमीरे<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । |
| ८. | **कल्पना दमाई**<br>ससुराको नामः हंस दमाई<br>पतिको नामः कैलास दमाई<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । | **१. कैलाश दमाई**<br>बाजेको नामः प्रताप दमाई<br>बाबुको नामः हंश दमाई<br>ठेगानाः डडेल्धुरा जिल्ला, बगरकोट गा.वि.स, वडा नं. ४ ।<br>**३. पार्वती जैरू**<br>ससुराको नामः भिम बहादुर जैरु<br>पतिको नामः विमला जैरु<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । | **२. निर्मला दमाई**<br>ससुराको नामः भिम बहादुर जैरु<br>पतिको नामः सुन्दर जैरु<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । |
| ९. | **इनरी देवि पार्की**<br>ससुराको नामः कल्याण पार्की<br>पतिको नामः नरभान पार्की<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ८ । | **१. बसन्ती देवी दमाई**<br>ससुराको नामः लालमनी दमाई<br>पतिको नामः रमेश बहादुर दमाई<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ८ ।<br>**३. नरभान पार्की**<br>बाजेको नामः खण्डे पार्की<br>बाबुको नामः कल्याण पार्की<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ८ । | **२. बसन्ती देवी पार्की**<br>ससुराको नामः गुर्जे पार्की<br>पतिको नामः करने पार्की<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ८ । |
| १०. | **आशा टमोटा**<br>ससुराको नामः हरुवा टमोटा<br>पतिको नामः राज टमोटा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । | **१. विस्ना देवी ओड**<br>ससुराको नामः जय विर ओड<br>पतिको नामः मनिराम ओड<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ ।<br>**३. निरज ताम्राकार**<br>बाजेको नामः हरविर टमाटा<br>बाबुको नामः लक्षी टमाटा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६ । | **२. कोमल सुनार**<br>ससुराको नामः गणेश सुनार<br>पतिको नामः सरोज सुनार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । |
| ११. | **जुना देवी टमोटा**<br>ससुराको नामः हरुवा टमोटा<br>पतिको नामः राज टमोटा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६ । | **१. देवकी देवी ताम्राकार**<br>ससुराको नामः जय राम टमोटा<br>पतिको नामः दिपक बहादुर टमोटा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६ ।<br>**३. कर्ण टमोटा**<br>बाजेको नामः जन्जाली टमोटा<br>बाबुको नामः सकराम टमोटा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६ । | **१. जुना ताम्राकार**<br>ससुराको नामः बहादुर टमोटा<br>पतिको नामः बागी ताम्राकार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६ । |
| १२. | **चन्द्र रावत**<br>ससुराको नामः प्रसाद मल्ल<br>पतिको नामः नरेन्द्र बहादुर मल्ल<br>ठेगानाः डडेल्धुरा जिल्ला, गणेशपुर गा.वि.स., वडा नं. ६ । | **१. पार्वती देवी मल्ल**<br>ससुराको नामः विर बहादुर मल्ल<br>पतिको नामः खड्क सिंह मल्ल<br>ठेगानाः डडेल्धुरा जिल्ला, गणेशपुर गा.वि.स., वडा नं. ६ ।<br>**३. लोकबहादुर रावत**<br>बाजेको नामः मानसी रावत<br>बाबुको नामः चन्द्र बहादुर रावत<br>ठेगानाः डोटी जिल्ला, लाटामाण्डौं गा.वि.स., वडा नं. ९ । | **२. नन्दा देवी टमोटा**<br>ससुराको नामः कुशवा टमोटा<br>पतिको नामः अझवा टमोटा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । |
| १३. | **अन्जु कुमारी रसायली ताम्राकार**<br>ससुराको नामः जयराम टमोटा<br>पतिको नामः सुरेश ताम्राकार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६ । | **१. जुना देवी ताम्राकार**<br>ससुराको नामः बहादुर राम टमोटा<br>पतिको नामः बागी ताम्राकार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६ ।<br>**३. सुरेश ताम्राकार**<br>बाजेको नामः दयाराम टमोटा<br>बाबुको नामः जयराम टमोटा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६ । | **२. माया ताम्राकार**<br>ससुराको नामः जयराम टमोटा<br>पतिको नामः केवी ताम्राकार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६ । |
| १४. | **हरिना देवी बोगटी**<br>ससुराको नामः डम्बर सिंह बोगटी<br>पतिको नामः मिन बहादुर बोगटी<br>ठेगानाः डडेल्धुरा जिल्ला,अमरगढी न.पा., वडा नं. ५ । | **१. विस्ना देवी ओड**<br>ससुराको नामः जय विर ओड<br>पतिको नामः मनिराम ओड<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ ।<br>**३. सन्तोष बोगटी**<br>बाजेको नामः डम्बर बहादुर बोगटी<br>बाबुको नामः मीन बहादुर बोगटी<br>ठेगानाः डडेल्धुरा जिल्ला, अलिताल गा.वि.स., वडा नं. १ । | **२. कोमल सुनार**<br>ससुराको नामः गणेश सुनार<br>पतिको नामः सरोज सुनार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । |

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९,
Ext. १०७, १०४

# बक्स अफिस समाचार

## 'चलचित्र विकास बोर्ड आसेपासेहरुको भर्तीकेन्द्र बन्नु भएन'



*चलचित्र, कला तथा मनोरञ्जन पत्रकारिताको क्षेत्रमा विगत चार दशकदेखि अनवरत रुपमा सक्रिय रहँदै आएका सञ्चारकर्मी एवम् पत्रकार हुन् विजयरत्न तुलाधर । वि.सं. २०३९ सालमा फाट्टफुट्ट लेखन शुरु गरी वि.सं. २०४२ देखि नियमित रुपमा पत्रकारिता यात्रा थालनी गरेका तुलाधरले वि सं २०४४ सालमा ख्यातिप्राप्त गायक उदित नारायण झाले प्रमुख भूमिकामा अभिनय गरेका 'पिरती' चलचित्रमा सहायक निर्देशकका रुपमा चलचित्र निर्देशन यात्रा शुरु गररेका थिए । उनले देउकी, पछ्यौरी, बसन्ती, राजमति, मसान जस्ता ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेका चलचित्रमा मुख्य सहायक निर्देशक र शिरिषको फूल जस्तो कालजयी साहित्यिक कृतिमा बनेको चलचित्रमा सह निर्देशकका रुपमा र नेपालको राजनैतिक क्रान्तिको इतिहासमा लौह पुरुष कहलिएका गणेशमान सिंहको जीवनीमा आधारित 'वीर गणेशमान' जस्तो ऐतिहासिक महत्वको चलचित्रका निर्देशकका रुपमा काम गरिसकेका छन् । हाल उनी नेवाः पत्रकार राष्ट्रिय दबू, नेवाः फिल्म सोसाइटी, चलचित्र पत्रकार संघ नेपालका सल्लाहकारका रुपमा आवद्ध छन् भने आदिबासी जनजाति चलचित्र महासंघका संस्थापक उपाध्यक्ष पनि हुन् । विभिन्न दर्जनौं सम्मान तथा पुरस्कारबाट पुरस्कृत अग्रज रंगपत्रकार **विजयरत्न तुलाधर**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :*

**पछिल्लो समय तपाईं कुनै नयाँ सिर्जनामा लागिरहनु भएको छ कि ?**

शुरुमै राम्रो प्रश्न सोध्नु भयो, धन्यवाद । हेर्नुहोस्, हामी त सिर्जनात्मक काममा नै लागिरहेका मान्छे हौं, त्यसैले केही न केही गरिरहने हुटहुटी भइरहँदो रहेछ । अहिले भने अरु सिर्जना भन्दा पनि एउटा पुस्तक लेख्ने जमर्कोमा छु म । आफूले यो चार दशकभित्र गरेका अनुभवहरुलाई किताबमा संगाल्ने प्रयत्न गर्दैछु । हेरौं, के हुँदो रहेछ ।

**तपाईं त कानूनमा स्नातक गरी अधिवक्ताको लाइसेन्स बोक्नु भएको व्यक्तित्व हुनु हुन्छ, कानून व्यवसायलाई चटक्कै छोडेर पत्रकारिता त्यो पनि मनोरञ्जन पत्रकारिता क्षेत्रमा किन लाग्नु भयो नि ?**

यसको उत्तर दिन भने कठिन छ । किनभने बाल्यकालदेखि नै फिल्म हेरेर पत्रपत्रिका पढेर हुर्केको हुँ म । मेरो जन्म स्थान काठमाडौंको मुटु मानिने असनको वरिपरी नाचघर जस्तो नाटक हल अनि विश्वज्याति र रञ्जना जस्तो सिनेमा हल भएको ठाउँ हो । त्यहीं फिल्म हेर्दै हुर्कें । फिल्मप्रति लगाव त यसरी बन्यो भने असन व्यापारीहरुको व्यापार गर्ने थलो भएकाले त्यहाँ सरसमामान पोको पार्न अखबारहरु ल्याइन्छ । त्यही अखबार विशेष गरी गोरखापत्र पढ्दै हुर्कें । पत्रपत्रिकाप्रतिको रुची पनि यसरी बढ्न पुग्यो । विशेषगरी त्यतिबेला हलहरुमा बढी हिन्दी फिल्महरु लाग्ने गर्दथ्यो । ती फिल्महरुमा बोलिने हिन्दी संवाद नबुझ्दा मनमा कहीं कतै ती संवादहरु मेरो मातृभाषा नेपालभाषामा भइदिए हुन्थ्यो भन्ने जस्तो हुन्थ्यो । त्यहींबाट मेरो चलचित्र र पत्रकारिताको बीजारोपण भएको थियो भने पछि गएर नेपाल ल क्याम्पसमा पढ्न जाँदा त्यहाँ कलाकारिता र पत्रकारिता क्षेत्रमा रुची राख्ने साथीहरु भेटें । अनि त नजानिँदो ढंगबाट अगाडि बढ्न थाल्यो र यहाँसम्म पुगियो ।

**यो क्षेत्रमा सबभन्दा बढी कलम चलाउने व्यक्तित्वका रुपमा लिइन्छ तपाईंलाई, अहिलेसम्ममा कतिवटा जति लेख समीक्षा लेखिसक्नुभयो ? अनि तपाईंले दिनुभएको सुझाव वा सन्देश चलचित्रकर्मीले कतिसम्म अंगिकार गरेका छन् त ?**

यसमा के छ भने मैले केही लेख्दा, टिप्पणी वा समीक्षा गर्दा कसैले मेरो सोचलाई अंगिकार गर्नेछ वा तिरस्कार गर्नेछ भनि सोचेर लेखिनँ । मेरो ब्रम्हले भ्याएसम्मको सोच पस्कें । समाचारहरु लेख्दा पनि कसैको उद्धार होस् भन्ने हेतुले नभई सही समाचार सही समयमा सम्प्रेषण होस् भन्नेमात्र सोच राखियो । मैले ठिक गरें वा गरिंन त्यो म जान्दिनँ । तर मैले कर्म गर्न कहिल्यै कन्जुस्याईं गरिनँ । यसमा एउटा कुरा के सम्झनामा आयो भने म समीक्षा गर्थें र चलचित्रभित्रका पक्षहरुको विश्लेषण गर्थें । मैले गरेका विश्लेषणहरु माथि अद्यावधिक दृष्टि राख्दै आएका चलचित्र निर्देशक नरेश पौड्यालले त्यतिबेला एउटा वर्कशपमा प्रस्तुत गर्नुभएको कार्यपत्रमा 'नेपाली चलचित्रका कमजोरीहरु केलाउँदै आएका पत्रकार विजयरत्न तुलाधरले पनि अब फिल्म बनाउनुहुने भएछ । अब उहाँले कमजोरीविहीन बनाउन के कस्तो प्रयास गर्नु हुनेछ भन्ने कुरा हेर्न बाँकी छ ।' भनेर लेख्नु भएको पंक्तिले के पुष्टि गर्छ भने त्यतिबेलाका चलचित्रकर्मीहरु मेरो लेखाई रुची लिएर पढ्नु हुँदो रहेछ ।

**तपाईं त चलचित्र विधामाथि कलम चलाउनु हुने पत्रकारका साथसाथै चलचित्र बनाउने निर्देशक पनि हुनुहुन्छ, यो त एकापसमा एकदम पृथक क्षेत्र होइन र ? अझ भनौं भने पत्रकारको रुपमा चलचित्रकर्मीलाई सचेत गराउनुपर्ने दायित्व हुन्छ भने चलचित्र बनाउँदा व्यावसायिकरुपमा कसरी सफलता हासिल गर्ने भन्ने जिम्मेवारी बोक्नु पर्ने हुन्छ । यी दुई बेग्ला बेग्लै पाटोलाई कसरी सामञ्जस्यतामा ल्याउने गर्नु भएको छ ?**

यसमा सामञ्जस्यता ल्याउन मैले कुनै ठूलो प्रयत्न गरेको छैन । मैले त केबल दुई वटै कर्म गर्दा आफ्नो कर्ममा इमान्दार हुने मात्र प्रयत्न गर्ने गरेको छु । यसको अर्थ यो हो कि पत्रकारिता गर्दा आफू एक सचेत सञ्चारकर्मी हुँ भन्ने सोचसहित कर्म गर्छु भने फिल्म निर्देशन गर्दा एक चलचित्र निर्देशकका रुपमा मैले पाएको अभिभारा पूर्ण सोच म भित्र हुन्छ । त्यसमाथि पनि मेरो त पेशा भनेको पत्रकारिता नै हो । चलचित्र निर्देशन मेरो प्याशन हो । निर्देशन क्षेत्रमा हाल मेरो खासै सक्रियता भने छैन ।

**तपाईंले यो क्षेत्रमा चार दशक लामो समय बिताइसक्नु भएको छ । एउटा राजनैतिक दलमा आवद्ध हुनु हुन्छ तर पनि कुनै ठूलो पद पुरस्कार वा पदक विभूषणमा तापाईंको नाम आएको देखिन्न नि, किन होला ?**

किन होला भन्ने खै ! त्यो त पुरस्कार पदक सिफारिस गनेहरु वा निर्णय गर्नेहरुलाई थाहा होला । मेरो विचारमा मेरो चार दशकको योगदान मात्रले पर्याप्त भएन वा राजनैतिक दलभित्र पनि मभन्दा बढी योगदान दिनेहरुको संख्या धेरै भएकाले मेरो नाम अगाडि नआएको पो हो कि ! वा उहाँहरुको दृष्टि नै पो कमजोर भएको हो कि ! किनभने राज्यस्तरले दिने सम्मान पुरस्कारहरुमा मैले प्रेस काउन्सिलबाट सानै भए पनि विधागत पत्रकारिता पुरस्कार पाएको छु भने काठमाडौं महानगरपाललिकाबाट सुशासन पत्रकारिता पुरस्कार र चलचित्र विकास बोर्डबाट विशिष्ट योगदान सम्मान भने पाएको छु । बरु चलचित्र विकास बोर्डले दिने विशिष्ट चलचित्रकर्मी परिचयपत्र भने मलाई दिइएको छैन । राज्यले मलाई मात्र होइन समस्त चलचित्र क्षेत्रमा योगदान दिनुभएका धेरैलाई यथोचित पद, सम्मान वा पदक पुरस्कारका लागि योग्य सम्झेको छैन । समस्त चलचित्र क्षेत्रप्रति नै राज्य उदासिन देखिन्छ ।

**चलचित्र क्षेत्रमा राज्यले चासो नदेखाउनुको कारण के होला ?**

त्यो त हामीलाई भन्दा पनि बढी सम्बन्धित पक्षलाई नै जानकारी होला । अझ भनौं भने राज्यको आधिकारिक निकाय चलचित्र विकास बोर्डलाई बढी जानकारी होला । किनभने बोर्ड त समग्र चलचित्र क्षेत्र र चलचित्रकर्मीहरुका लागि हो नि । तर त्यस्तो महसुस गराउन सकेको छैन बोर्डले । झन् नयाँ अध्यक्ष बनेर विख्यात अभिनेता भुवन केसी आएदेखि त बोर्ड अझ धेरै विवादमा फसिरहेको छ । बोर्डले समग्र चलचित्र क्षेत्रको हितको भन्दा पनि आसेपासेहरुलाई कसरी रिझाउने भन्ने तिर मात्र ध्यान दिइरहेको महसुस हुन्छ । सरकारले बोर्ड अध्यक्ष र सदस्यहरु नियुक्त गर्दा दलगत स्वार्थमा लिप्त हुनु भएन अनि दलकै मान्छे नियुक्ति गर्ने हो भने पनि आसेपासेलाई नभई आफ्नो कर्मले दक्षता दर्साइसकेकालाई प्राथमिकतामा राख्न सक्नु पर्‍यो । आसेपासेहरुको भर्ती केन्द्र बनाउनु भएन । चलचित्रबारे राम्ररी बुझेका अनुभवीलाई चयन गर्न सक्नुपर्छ राज्यले । अनिमात्र नीतिगतरुपमा राम्ररी अगाडि बढ्न सक्छ नेपालको चलचित्र क्षेत्र ।

**नेपालमै चलचित्र निर्माण थालनी भएको पनि छ दशक पार भइसकेको छ, यो त एउटा लामो अवधि हो । यति लामो अवधि भइसक्दा पनि नेपाली चलचित्रको बजार सानो छ भनिरहनु परेको छ । यसलाई विस्तृत बनाउन किन नसकिएको होला ?**

अहिले पहिलाजस्तो छैन । चलचित्रको बजार पहिलाभन्दा निकै अघि बढिसकेको छ । तर पनि सोचेजस्तो, कल्पना गरेजस्तो वा अरु देशहरुका चलचित्र उद्योगजस्तो विकास भने हुन नसकेको पक्कै हो । यसमा दोष धेरैको छ । सबैभन्दा पहिला त फिल्ममेकरहरुले पनि राम्रो फिल्म बनाउनु पर्‍यो अनि त्यसरी बनेका फिल्महरुलाई प्रवर्द्धन गर्न राज्य अगाडि आउनु पर्‍यो । हामी नेपाली चलचित्रको बजार विस्तार गर्नु पर्‍यो र विदेशसम्म पुर्‍याउनु पर्‍यो भनिरहन्छौं । तर 'प्रेमगीत ३'ले गरेको यसतर्फको प्रयासलाई दुरुत्साहन गर्न खोजियो । म नेपाली चलचित्रहरु विदेशी भाषामा डब हुनुपर्छ भनेर भन्दिनँ, तर त्यस्ता चलचित्रलाई बन्देज लगाउने वा दुरुत्साहित नै गर्ने होइन कि त्यस्तालाई कसरी नियमन गर्ने भन्ने नीति बन्नुपर्छ । चलचित्रको अन्तर्राष्ट्रिय मान्यताअनुसार चलचित्रको डब भर्सन होइन सबटाइटल्ड भर्सनलाई मान्य मानिन्छ । त्यो पनि बुझ्नु पर्‍यो । बजार विस्तार भनेर विदेशमा देखाउँदैमा मात्र पनि बजार विस्तार हुने होइन । अहिलेको युग भनेको डिजिटल युग हो । हामीले पनि त्यो युगमा प्रवेश गर्नु पर्‍यो । विदेशमा फिल्महरुको डिजिटल प्रदर्शनबाट नै लगानी उठाउने र यथेष्ट नाफा कमाउने काम हुन्छ । हामीले यतातिर खासै ठूलो फड्को मार्न सकिरहेका छैनौं । हाम्रा चलचित्रहरुको बजार विस्तार हुन नसक्नुको पछाडि यस्ता धेरै कारणहरु छन् र यसलाई केलाउनु पर्‍यो ।

**चलचित्र भनेको घाटाको व्यापार हो भनेर भन्नेहरु एकातिर छन् भने अर्कोतिर चलचित्र निर्माण गर्नेहरुको संख्यामा कमी आएको देखिँदैन, किन होला ?**

यो ग्ल्यामरको संसार हो, जुन उज्यालो र चम्किलो देखिन्छ । यसको पनि अँध्यारा पक्षहरु छन् भन्ने कुराहरु भुक्तभोगीले मात्र जानेका हुन्छन् । त्यसैले एक पटक देखिएका निर्माताहरु अर्को पटक देखिएका उदाहरण कम छन्, तर नयाँ-नयाँ निर्माताहरु भने चम्किलो उज्यालोको चकाचौंधमा रुमल्लिन आइपुग्छन् र एक न एक चोटी त कसरी उज्यालो नभेटिएला भनेर अगाडि बढीरहेका हुन्छन् । विश्वको जुनसुकै देशको बक्स अफिसलाई अध्ययन गर्ने हो भने पनि देखिन्छ कि बनेका वा प्रदर्शनमा आएका कूल संख्यामध्ये बढीमा १० देखि १५ प्रतिशतको संख्याका चलचित्रले मात्रै राम्रो कमाइ गर्ने गर्छन् ।

**आर्थिक समृद्धि र अर्थतन्त्रको उन्नतिसँग प्रत्यक्ष जोडिएको चलचित्र क्षेत्रले धेरैलाई रोजगारीको प्रवर्द्धन गरे पनि सरोकारवालाले यसको सम्वर्द्धनमा ध्यान दिन नसक्नुको कारण के होला ?**

दृष्टिकोणको अभाव भनौं वा गलत दृष्टिकोणको कारणले त्यस्तो भइरहेको छ । राज्यले चलचित्रकर्मीलाई राष्ट्रको गहना भनेर लोलिपप खुवाउने काम गर्छ । हामी पनि आफूलाई गहना भनेकोमा दंग पर्छौं । गहनाको अर्थमा लिने हो भने पनि गहना भनेको त आवश्यक पर्दा लाउने र सजिने अनि आवश्यक नपर्दा ढुकुटीमा राखी राख्ने हो नि । त्यसरी त चलचित्र उद्योग कसरी चल्छ ? तपाईं नै भन्नुहोस् । अर्को शब्दमा व्याख्या गर्ने हो भने गहना भनेको बहुमूल्य धातुबाट बन्छ । त्यो बहुमूल्य धातु किन्न आर्थिकरुपमा बलियो त बनाउनु पर्‍यो नि चलचित्रकर्मीलाई, खोइ त ? विदेशमा भए कलाकारिता गरेर राम्रै आर्जन गर्छन् । नेपालमा त्यस्तो हुन सकेको छैन । नेपालमा पनि सरकारले यस्ता नीति ल्याइदिनु पर्‍यो जुन नीतिको पालना गर्दा सबैले राम्ररी काम गर्ने वातावरण बन्नेछ ।

**यो क्षेत्रलाई वर्तमान स्थीतिबाट माथि उठाउन के गर्नु पर्ला ?**

वर्तमान स्थिति त्यति खराब पनि छैन जति सोचिएको छ । यहाँ पनि यसै क्षेत्रबाट आर्जन गरेर धनाढ्य बन्नेहरु छन् । त्यस्ता सफल चलचित्रकर्मी, व्यक्तित्वहरुका संघर्षका कथाहरु अध्ययन गर्नुपर्छ र अभिलेखीकरण गर्नुपर्छ । ताकि नयाँ पुस्ताले यो क्षेत्रमा प्रवेश गर्नु पूर्व अनुभवीहरुको अनुभवबाट केही ज्ञान आर्जन गर्न सकोस् । यतातिर पाइला शून्य बराबर नै छ । राज्यले पनि आसेपासेलाई मात्र होइन सबैलाई समान दृष्टिले हेर्न सक्नु पर्‍यो अनि सबैका लागि सहज हुने नीति र नियम बनाइदिनु पर्‍यो ।

**अन्त्यमा, तपाईंलाई सबैभन्दा धेरै संख्यामा चलचित्र हेरेका र चलचित्रसँग सम्बन्धित प्रायः कार्यक्रममा उपस्थिति जनाउने व्यक्तित्वको रुपमा लिइन्छ । यसबारे के भन्नु हुन्छ ?**

यो के छ भने पहिला पहिला फिल्महरु सेलुलोयडमा बन्थ्यो । कम संख्यामा बन्थ्यो । वर्ष दुई वर्षमा एउटा फिल्म आउँथ्यो भने महिनामा बढीमा तीन चार वटासम्म आउने गर्‍यो । त्यतिबेलाका सबै चलचित्र हेर्ने अवसर जुट्थ्यो र भ्याइन्थ्यो पनि । तर डिजिटल प्रविधिमा फिल्म बन्न थालेदेखि एकै हप्ता तीन चार वटासम्म फिल्म आउन थाले । अहिले सबै हेर्न सम्भव भएन । जहाँसम्म सबै कार्यक्रममा उपस्थिति जनाउने मान्छेका रुपमा परिभाषित गर्नु भएकोमा आभारी छु । यसमा के छ भने कसैले निम्तो दिंदा निम्तालु आइदेओस् भनेर नै दिएको हुन्छ । उहाँहरुको मन दुखाउन त भएन तर पहिला कार्यक्रमहरु हुने सेरोफेरो सानो हुन्थ्यो अहिले काठमाण्डौ उपत्यका शहर विस्तृत भईसकेको छ । मैले कसैको मन दुखाउँदिन भन्दा भन्दै पनि सबैतिर पुग्न भने सम्भव छैन । यस्तोमा म के गर्छु भने मनले खाएको संस्था वा व्यक्तिको निम्तालाई प्राथमिकता दिन्छु भने कार्यक्रममा पुगेपछि त्यस्ता कार्यक्रममा म पुगेको बोध गर्न सकियोस् भन्ने कुरालाई ध्यानमा राखेर पुग्ने गरेको छु । खासमा भन्ने हो भने कसैले माया आदर गरेर निम्ता गरेको ठाउँमा पुग्नुपर्छ भन्ने सोचले मात्रै त्यसरी जाने गरेको हुँ । कुनै रहर वा बाध्यता होइन ।

## श्रीच्छा प्रधान बनिन् मिस नेपाल



**काठमाडौं/मस–** मिस नेपाल वर्ल्ड २०२३ को उपाधि श्रीच्छा प्रधानले जितेकी छन् । शनिबार गोदावरीस्थित सनराइज सम्मेलन हलमा आयोजित ग्राण्ड फिनालेमा उनी मिस नेपाल घोषित भएकी हुन् ।

ग्रान्ड फिनालेमा २३ प्रतिस्पर्धीलाई पछि पार्दै प्रधानले मिस नेपालको उपाधि जितेकी हुन् । प्रधानलाई अघिल्लो वर्षकी मिस नेपाल प्रियंकारानी जोशीले ताज लगाइदिइन् ।

मिस नेपाल विजेता २३ वर्षीया प्रधान काठमाडौंकी स्थायी बासिन्दा हुन् । उनी फेस अफ द इयर र मिस डीएचआईको सहविधा समेत जित्न सफल भइन् ।

'मिस नेपाल इन्टरनेसनल'को उपाधि भने २५ वर्षीया प्रसिद्धि शाहले जितिन् । त्यस्तै 'मिस नेपाल अर्थ'को उपाधि रैना मजगैयाले जितिन् । मिस कन्फिडेन्टको उपाधि पनि प्रज्ञा बज्राचार्यले जितिन् ।

समारोहमा १२ सहविधाका विजेता समेत घोषणा गरिएको थियो । सहविधा उपाधितर्फ मिस पपुलर च्वाइस प्रसिद्धी शाह, ऐश्वर्या श्रेष्ठ मिस फिटनेस क्वीन र मिस इन्टलेक्चुअल, ग्रिष्मा अधिकारी मिस ग्ल्यामर, मिस कन्फिडेन्ट प्रज्ञा बज्राचार्य, मिस हेल्दी स्किन रायना मजगैयाँ, मिस मल्टिमिडिया सुहानी खड्का क्षेत्री, फेस अफ द इयर र मिस डीएचआई श्रीइच्छा प्रधान, वुमन थि द विंग्स उन्नती गुरुङ, मिस फोटोजेनिक कीर्तिक खड्का, मिस ब्यूटी विथ द पर्पस आयुष्मा बरालले उपाधि जिते ।


## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

यस बैंक (साविक कञ्चन डेभलपमेन्ट बैंक लि.)को तपसिलमा उल्लेखित ऋणीहरूले लघुवित्त उद्यमशिलता कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाहरूको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा ब्यक्तिगत/सामुहिक जमानतकर्ताहरूको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत/सामुहिक जमानत दिनुहुने जमानतकर्ता महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

### तपसिल

| क्र.स. | ऋणीको नाम र ठेगाना | जमानतकर्ताहरूको नाम र ठेगाना | |
|---|---|---|---|
| १. | **ऋणीको नामः गुड्डु सुनार**<br>ना.प्र.प.नं (स्थान): ७४१००१/२३३१ (डडेल्धुरा)<br>ससुराको नामः गणेश बहादुर सुनार<br>पतिको नामः मनोज सुनार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५ । | **१. विस्ना देवि ओड**<br>ससुराको नामः जसविर ओड<br>पतिको नामः मनिराम ओड<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ ।<br>**३. मनोज सुनार**<br>ना.प्र.प.नं (स्थान): ७४१००१/४४४ (डडेल्धुरा)<br>बाजेको नामः लाल बहादुर सुनार<br>बाबुको नामः गणेश बहादुर सुनार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ । | **२. सरला सुनार**<br>ससुराको नामः श्यामलाल सुनार<br>पतिको नामः दिपेन्द्र सुनार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ । |
| २. | **ऋणीको नामः हरिना देवि बोगटी**<br>ना.प्र.प.नं (स्थान): २६३८ (डडेल्धुरा)<br>ससुराको नामः डम्बर सिंह बोगटी<br>पतिको नामः मिन बहादुर बोगटी<br>ठेगानाः डडेल्धुरा जिल्ला, गाङखेत गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५, खलङ्गा। | **१. विस्ना देवि ओड**<br>ससुराको नामः जसविर ओड<br>पतिको नामः मनिराम ओड<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ ।<br>**३. सन्तोष बोगटी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ७४-०१-७४-०४८४९ (२०७४/०४/१५/डडेल्धुरा)<br>बाजेको नामः डम्बर बहादुर बोगटी<br>बाबुको नामः मिन बहादुर बोगटी<br>ठेगानाः डडेल्धुरा जिल्ला, आलिताल गा.पा. वडा नं. १ । | **२. कोमल सुनार**<br>ससुराको नामः गणेश सुनार<br>पतिको नामः सरोज सुनार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ । |
| ३. | **ऋणीको नामः शान्ती ताम्राकार**<br>ना.प्र.प.नं (स्थान): ७४-०१-७२-०१०६०६१ (डडेल्धुरा)<br>ससुराको नामः बहादुर टमोटा<br>पतिको नामः लक्ष्मी टमोटा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५। | **१. विस्ना देवि ओड**<br>ससुराको नामः जसविर ओड<br>पतिको नामः मनिराम ओड<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ ।<br>**३. राधिका ताम्राकार**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ७४-०१-७३-०३३९७ (२०७३/११/१०/डडेल्धुरा)<br>बाजेको नामः बहादुर टमोटा<br>बाबुको नामः लछी टमोटा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ६ । | **२. सरला सुनार**<br>ससुराको नामः श्यामलाल सुनार<br>पतिको नामः दिपेन्द्र सुनार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ । |
| ४. | **ऋणीको नामः सरू ताम्राकार**<br>ना.प्र.प.नं (स्थान): ७४१००१/१४८९ (डडेल्धुरा)<br>ससुराको नामः हरूवा टमोटा<br>पतिको नामः शिवम ताम्राकार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ५। | **१. विस्ना देवि ओड**<br>ससुराको नामः जसविर ओड<br>पतिको नामः मनिराम ओड<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ ।<br>**३. शिवम ताम्राकार**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ७४१००१/१९७६ (२०७४/०४/१५/डडेल्धुरा)<br>बाजेको नामः कालु टमटा<br>बाबुको नामः हरूवा टमोटा<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ६। | **२. कोमल सुनार**<br>ससुराको नामः गणेश सुनार<br>पतिको नामः सरोज सुनार<br>ठेगानाः डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ । |
